# अध्याय एक
# परिचय

## १.१.अध्ययनको पृष्ठभुमि

विश्वका विभिन्न भागमा अवस्थित मानव समुदायले आफ्नो विशिष्ट जीवन पद्धति, धर्म, संस्कृति, कला, कृति, रितिथिति, चालचलन, रहनसहन, भेषभुषा र भाषाको विकास गरेका छन् । त्यही विशिष्टताको मुल आधारमा आ-आफ्ना मौलिक पहिचान प्रर्दशन गर्न सफल भएका छन् । चाडपर्वहरु यस्तै एउटा मुल आधार हुन् । जसका माध्यमबाट प्रत्येक समुदाय आफ्नो देश, क्षेत्र र जाति विशेषताको परिचय दिन सक्षम भएका छन् । यसै सन्दर्भमा मंगोल मुलका नेपालीहरुको साँस्कृतिक धार्मिक र सामाजिक दृष्टिकोणले महत्वपुर्ण रहेको चाड ल्होसार जसले आफ्नो जातिय पहिचान दिन सहयोग गरेको छ । गुरुङ्ग संस्कृति गुरुङ्ग समाजको प्रतिबिम्ब हो । गुरुङ्ग संस्कृतिको एउटा महत्वपुर्ण पाटोको रुपमा ‘ल्होसार’ परम्परालाई लिन सकिन्छ । गुरुङ्ग संस्कृतिमा ल्होसारको आफ्नै विशिष्ट स्थान र महत्व छ । जसले गुरुङ्ग जातिको उदगम, सम्यता, सांस्कृतिक, अस्तित्व र पहिचानलाई प्रतिबिम्बत गर्दछ ।

नेपालको भुगोलमा, जलबायुमा, प्राकृतिक सम्पदामा जसप्रकारको विविधता पाइन्छ । त्यसरी नै यहाँका जाति, जनजाति र समुदायमा पनि अनेकौं चिनारी रहेको छ । यति सानो ठाँउमा यति धेरै जाति , सस्कृति र विश्वासको धरातल विश्वमा विरलै देखिन्छ । गुरुङ्ग पनि त्यसै अनेकतामा एक महत्वपूर्ण जातिय पहिचान राख्ने समुदाय हो ल्होसारको पर्वमा उनीहरुले प्रकृतिसँग आफुलाई जोडे । पुष १५ गते सुर्यको अयनको हिसाबले सबैभन्दा छोटो दिन मानिन्छ । र समयचक्र सँगै यसको सम्बन्ध जोडिन्छ । नयाँ वर्षको आगमनमा गुरुङ समुदायका गुरुङ्गहरु वनभोज सामुहिक रुपमा एकतावद्वता रुपमा खाने, आफु भन्दा ठुला मान्यजन र लामाबाट आर्शिवाद लिने, साँस्कृतिक परम्परालाई हजारौ बर्षदेखि जोगाई आएको कुरा देखिन्छ । गुरुङ्ग समुदायको सास्कृतिक संस्कार अत्यन्त बलियो र दरिलो रहेको छ । दोहोरी र रोधी मात्र गुरुङ्ग संस्कृतिको पहिचानमा सिमीत छैन । त्यहाँ थुप्रै थुप्रै मान्यताहरु जीवित छन् ।

हरेक जातिका आफ्नै खाले मान्यता र संस्कार छन् । ती संस्कार नै जातिय सभ्यताका परिचायक विषय हुन्छन् । सास्कृतिक पक्ष आफ्नो भेषभुषा प्रतिको माया, आपसी सदभाव र मित्रताप्रतिको अटुट आस्था एंव जातिय परम्पराको निरन्तर जस्ता कुरामा आधारित रहनु महत्वपुर्ण छ । मातृत्व भावनामा सामुहिक अनि सामाजिक मुल्य र मान्यताको संरक्षण गर्ने अभिलाषाले गुरुङ्गहरुको ल्होसार विशिष्ट खालको वर्ष बन्छ । ल्होसारमा धार्मिक भन्दा पनि सांस्कृतिक पन बलियो छ । पर्वलाई एकताका रुपमा मान्यता दिएकै कारण

उनीहरुले मुलमन्त्र बनाए 'तमुहरुको चाहना दिगो शान्तिको कामना' शाान्ति र सहअस्तित्वको बेजोड स्वीकृति । यसबाट भातृत्व र एकता सन्देश पनि विस्तारित भएको देखिन्छ ।

२०६८ को जनगणना अनुसार गुरुङ्गको जनसंख्या ५,४१,३३७ रहेको छ भने काठमाडौमा मात्र लगभग ३७,००० गुरुङ्गको बसोबास रहेको छ । २०५८को जनगणना अनुसार आफ्नो भाषा बोल्नेको संख्या ५,४३,५५७ रहेको छ ।

गुरुङ्गहरुले आफ्ना जीवनयापनका लागी प्रकृतिसँगको सघर्षमा यहाँको हावापानी, खोलानाला, वनजंगल, पहाड र माटो अनुरुप, सामाजिक सांस्कृतिक जीवनशैली, भाषा, धर्म संस्कृति रितिरिवाज, भेषभुषा र चाडपर्वको रुपमा अभिव्यक्त हुन्छन् । जसलाई सस्कृति भनिन्छ । जसले जातिको पहिचान दिन्छ । जातिको पहिचान दिने तत्वहरु मध्ये एउटा सांस्कृतिक चाड ल्होसार नै हो । नेपालको मंगोल मुलका जनजातिहरुमा सबैभन्दा ठुलो सांस्कृतिक चाड नै ल्होसार हो । यसले गुरुङ्ग लगायतका ल्होसार मान्ने समुदायहरुका माझ सम्बद्धता तथा आफ्ना सदस्यहरुलाई सामाजिकीकरण मात्र गरेको होइन्, यसले प्रकृतिमा हुने नियमीत परिवर्तनलाई बुझाउने र त्यस अनुकुल मानव गतिविधिलाई निर्देशित  गरिरहेछ । यो पुरानो पुस्ताबाट नयाँ पुस्तामा आ-आफ्नो  सामाजिक, मुल्य मान्यता र सास्कृतिक सम्पदायलाई हस्तान्तरण गर्ने ठुलो र प्रभावकारी माध्यम बन्दै आएको छ । नेपालमा धेरै समुदायका लागि ल्होसार बास्तवमा साझा चाड हो ।

संस्कृति विभिन्न जातजाति भाषाभाषीहरुको आ-आफ्नै हुन्छ । संस्कृतिले समाजलाई एकसुत्रमा बाधिराखेको हुन्छ । जुन मानव निर्मित हुन्छ । नेपाल एक बहुजातिय, बहुधार्मिक, बहुसांस्कृतिक देश हो । यिनै बहुसांस्कृतिक मध्ये सिङ्गो हिमाली तथा पहाडी भु-भागको आदीबासी जनजाति समुदायको सबभन्दा ठुलो चाड ल्होसार हो ।

नेपाल लगायत विश्वभरमा बसोबास गर्ने बोद्धमार्गीहरुको इतिहास कालदेखि नै जातिय अस्तित्वमा रहदै आएका विविध चाडपर्वहरु दिनप्रतिदिन विकसित रुपमा अगाडी बढ्ने क्रम जारि छ तर नेपालभित्र भने राज्यले कुनै किसिमको प्रोत्साहन एंव संरक्षण नगरेको कारण कतिपय आदीवासी जनजातिहरुको आफ्नो  धर्म, मातृभाषा, संस्कृति लोप हुने अवस्थामा पुगेको देखिन्छ । मानव समुदायमा आफ्नै प्रकारको साँस्कृतिक विशिष्टता भएतापनि संस्कृतिको आधारमा कुनै पनि समुदाय उचनिच हुदैन् । अर्थात कसैको साँस्कृतिक उच्चकोटी र कसैको संस्कृति न्युनकोटीको हुदैन । आफ्नो  संस्कृति सबै समुदायलाई उतिकै विशिष्ट र उच्चकोटीको लाग्दछ । अत यहि विशिष्टगत रुपमा प्रकृतिवादी हो ।

बौद्धमार्गीहरु भन्नाले गुरुङ्ग, तामाङ्ग, थकाली, शेर्पा, तिब्बती आदि बौद्ध धर्माबलम्बीहरु हुन र यिनीहरुले मनाउँदै आइरहेको एउटा पर्व हो ल्होसार जुन पर्वको आफ्नो धर्म संस्कार र संस्कृतिसँग सम्बन्धित हुदाँहुदै पनि जीवन प्रवाहसँग पनि गहिरो सम्बन्ध छ। (बल, २००५)

नेपालका आदिवासी जनजाति गुरुङ्ग, शेर्पा, भोटे, तमाङ्ग, थकाली बाह्रगाउँले आदी पुर्व मेचीदेखि पश्चिम महाकालीसम्म हिमाल र पहाडी क्षेत्रहरुमा श्रृखलाबद्धरुपमा आदिम कालदेखि बसोबास गरिरहेका मंगोल जातिले मान्दै आएको विशेष चाड ल्होसार हो। यो जाति मध्ये गुरुङ्ग जातिको गुरुङ्ग समुदायमा यो पर्व मुख्य चाडको रुपमा लिने प्रचलन छ। जुन पुष १५ गते मनाइन्छ।

ल्होसार शब्द (ल्हो+सार) मिलेर बनेको शब्द हो। गुरुङ्ग भाषामा ल्होको अर्थ वर्ग र सारको अर्थ नयाँ हो। त्यसैले ल्होसार भनेको नयाँ वर्ष हो अर्थात एक साल समाप्त भएर अर्को नयाँ सालको आगमन हुनु हो। तिब्बती वर्मेली उत्पतिका मुल जातिगत मान्यताहरुमा ल्होसार १२ भागमा बाडिएको हुन्छ। जुन १२ वटा जिवजन्तुहरुको नाममा नामकरण गरिएको हुन्छ। १२ जीवजन्तु मध्ये प्रत्येक वर्षका लागि एक-एक वटा तोकिएको हुन्छ। १२ वर्षको चक्र पुरा गरेपछि त्यही 'ल्हो' पुन दोहोरिएर आउँछ। त्यसलाई ल्हो बहोर (वर्ग चक्र) भनिन्छ।

ल्हो गणना पद्धती (LHO Counting System )

| क.स. | नेपाली | गुरुङ्ग | English |
|---|---|---|---|
| १ | मुसा | च्यु | Rat |
| २ | गाई | लों | Cow |
| ३ | बाघ | तो | Tiger |
| ४ | बिरालो | हिं | Cat |
| ५ | गरुड | म्हुप्रि | Dragon |
| ६ | सर्प | सप्रि | Snale |
| ७ | घोडा | त | Horse |
| ८ | भेडा | ल्हु | Sheep |

| | | | |
|---|---|---|---|
| ९ | बाँदर | प्र | Monkey |
| १० | चरा | च्हय् | Bird |
| ११ | कुकुर | खिं | Dog |
| १२ | मृग | फो | Deer का रुपमा रहन्छन् । |

नेपालमा ल्होसार ३ प्रकारले मनाइन्छ । जुन तल निम्नानुसार रहेका छन्

१) तोला ल्होसारः-तिब्बती भाषा अनुसार तोला शब्दको अर्थ समय परिवर्तन भन्ने बुझिन्छ । पौष १५ कै दिन 'ल्हो' वर्ग परिवर्तन हुनाले पौष कृष्ण पक्षको प्रतिपदामा पनि ल्होसार नै गुरुङ्गहरुको ल्होसार हो ।

२) सोनाम ल्होसारः- यसको शाब्दिक अर्थमा भन्नुपर्दा कृषकहरुको ल्होसार भन्ने बुझिन्छ । सोनामको अर्थ किसान हो । यो पर्वलाई नेपालमा तामाङ्ग जातिले विशेष गरी मनाउदै आएका छन् ।

३) ग्याल्बो ल्होसारः-ग्याल्बो भनेको तिब्बती भाषामा राजा हो । त्यसैले ग्याल्बोलाई राजाको ल्होसार भन्ने गरिन्छ । यो तिब्बती परम्परा अनुसार तिब्बतका राजघराना र राजकीय गुम्बाका ठुलाबडा लामाहरुले मान्ने गर्दछन । नेपालमा यो प्राय गरि शेर्पा तथा हिमाली समुदायमा बसोबास गर्ने जातिले मनाउने गर्दछन् ।

ल्होसार मान्ने आ-आफ्ना तरिकाहरु छन् । गुरुङ्ग जातिले भने पौष १५ लाई नै वर्ग फेरिने दिनको रुपमा मान्दछन् । यो पर्व गाँउघरको परिवेशमा टोल छिमेक तथा साथी संगीहरु सामुहिक भेला भई बनभोज खाने प्रचलन रहेको पाइन्छ । आजभोली सहर बजारमा यो पर्वलाई धुमधामका साथ चेलीबेटीलाई निम्तो गरि सँगै बसी विभिन्न नाचगानका साथ रमाइलो गरी भोज खाने, बौद्ध गुम्बामा गई पुजा गर्ने, ग्रहदशा काट्ने, बजिंत वर्गहरुको जन्तर लगाउने, दान, दक्षिणा गने गर्दछन् । प्रत्येक गुरुङ्ग समाज, भाइखलक, साथीभाई जम्मा भई सामुहिक भोजको आयोजना गरी ल्होसार पर्वको एक आपसमा शुभकामना आदानप्रदान गदै मनाउने गरिन्छ ।

ल्होसार मान्नु नै आफ्नो सास्कृतिक परम्परालाई मान्यता दिनु र समाज लाई व्यवस्थित गर्नु हो । पुर्वका गुरुङ्गहरु आफ्नो जातिय भाषा बोल्दछन् भने गण्डकी क्षेत्रको पश्चिमी गोर्खादेखि पर्वतसम्म तथा स्याङ्गजाका गुरुङ्गहरु आफ्नो जातिय भाषा बोल्दैनन् तर आज पूर्वका गुरुङ्गहरुले पनि आफ्नो जातिय भाषा संस्कृति अपनाउन र सिक्न थालिसकेका छन् । यसरी सांस्कृतिक पक्ष आफ्नो भेषभुषा प्रतिको माया आपसी सदभाव र मित्रताको अटुट आस्था एंव जातिय परम्पराको निरन्तरता जस्ता कुरामा आधारित रहनु ल्होसार मनाउने

समुदायहरुको लागी स्वयं पहिचान भएको छ । साथै अहिले आएर भुलिसकेको आफ्नो भाषा, भेषभुषा, संस्कृति, रहनसहनको जगेर्ना गर्ने मौका यही ल्होसार पर्वको सामुहिक भेला समुदायबीच एकताको पहलले सफल भैरहेको छन् ।

१.२. समस्याको कथन

नेपाल विविध जातजाति, भाषा, धर्म भएको मुलुक हो । विविध जातजाति भएता पनि हालसम्म यहाँ एउटा हिन्दु जातिको सामाजिक सास्कृतिक र राजनैतिक अधिपथ्य आम सबैले मान्नुपर्ने बाध्यता छ (तमू, २०५५) ।

गुरुङ्ग जातिले आफ्नो भाषा, धर्म तथा राज्यको एकल भाषा, धर्म र सांस्कृतिक नीति तथा सांस्कृतिक जोगाउन नसकेको उनीहरुको पहिचान समेत ओझेलमा परेको छ । जुन समस्याको विषय बनेको छ । यिनीहरु हिन्दु धर्मका प्रभावले यात राजकीय नितीले गर्दा पनि दबिएर रहेका छन् । २०४६ सालको आन्दोलन पश्चात जातिय आन्दोलन भएपछि पश्चिमका गतिशिल गुरुङ्ग जातिले आफ्नो पहिचान सम्बन्धी खोज अनुसन्धान गर्न थाले र अरु जातिको माझमा आफ्नो जातिको पहिचान सम्बन्धी खोज अनुसन्धान गर्न थाले र अरु जातिको माझमा आफ्नो जातिको पहिचान चिनाउने सन्दर्भमा गुरुङ्ग जातिले ल्होसार पर्वमा सबैजना एकजुट भएर मान्ने र लोप हुन लागेको संस्कृतिलाई उजारण गर्ने पहल गरे । त्यसको लागी गुरुङ्ग समुदायमा हुने कुनै पनि संस्कार विवाह, बौद्ध, गुम्बा जाँदा जातिय पोशाक लगाएर जान शुरु गरे । जसले गुरुङ्गको पहिचानलाई बढाएको छ । यिनीहरुले बुद्ध धर्म अगाल्नको लागि गुम्बा स्थापना गरे तथा ल्होसार पर्व मनाउन बृहत रुपमा संयुक्त र संगठित कार्यक्रमहरुको आयोजना गर्न थाले । यी गतिबिधिले पश्चिमका गुरुङ्गहरुलाई आफ्नो पहिचानलाई बचाउन धेरै मद्दत पुगेको छ (विष्ट, २०३२) । र यस्ता गतिबिधिले पश्चिमका गुरुङ्गहरुलाई आफ्नो पहिचानको निर्माण गर्दा समग्र गुरुङ्ग र नेपाली संस्कृतिको विकास गर्न कसरी मद्दत पुर्‍याएको छ भन्ने प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ । त्यसका अलवा यस शोधपत्रमा निम्न प्रश्न उठाएको छु ।

१.२.१. आफ्नो जातिय पहिचान गर्न गुरुङ्ग समुदायले कहिलेदेखि र कसरी ल्होसार पर्व मनाउँदै आएका छन् ?

१.२.२. ल्होसार पर्वले पश्चिमका गुरुङ्गहरु बिच जातिय पहिचान र जातिय एकता निर्माण गर्न कतिसम्म मद्दत पुऱ्याएको छ ।

१.२.३. आफ्ना जातिय पहिचान र एकता निर्माणका अतिरिक्त ल्होसार पर्व मनाउनुका उपलब्धीहरु के के हुन सक्छन् ?

## १.३.अध्ययनको उदेश्य

गुरुङ्ग जातिको जातिय पहिचान दिने ल्होसार पर्वको संस्कृतिको विस्तृत अध्ययन अनुसन्धान गर्नु यस अध्ययनको मुल उदेश्य रहेको छ। यस अध्ययनका उदेश्यहरु निम्न बमोजिम छन् ।

१.३.१. अध्ययन क्षेत्रमा गुरुङ्ग जातिको पहिचान स्थापित गर्नका लागि गुरुङ्गहरुले के के कार्य गरे र कहिले देखि कसरी गरे भन्ने बारेमा प्रकाश पार्ने ।

१.३.२. उनीहरुले ल्होसार पर्व कसरी मनाउदै आएका छन् त्यस बारेमा व्याख्या गर्ने ।

१.३.३. लोप हुन लागेको भाषा, धर्म, संस्कृतिलाई संरक्षण गर्न ल्होसार पर्वले कस्तो भुमिका निर्वाह गरेको छ। भन्ने बारे प्रकाश पार्ने ।

## १.४.अध्ययनको महत्व

सनातनकालदेखि जीवनवादी धर्म मान्दै आएका गुरुङ्गले बोन धर्म, लामाबौद्ध धर्म र हिन्दु धर्मलाई आशिंक रुपमा अगाल्दै आएका छन् । गुरुङ्ग समाजमा आफ्नै जातिय चाड विशेष ल्होसार पर्वले गुरुङ्गको पहिचानलाई थप उचाईमा पुर्‍याउन मद्दत पुर्‍याएको छ । जसले विविधताले भरिएका संस्कारमा पुख्यौली धार्मिक इतिहासलाई बोकेको छ। घाटु, रोधी, सोरठी नाच, रोदी दोहोरी गितहरु ल्होसार पर्वमा गाइने नाचिने गरिन्छ। जसले गुरुङ्ग जातिको पहिचान यस्तो छ। भनि वर्षको एकपटक आउने पर्व ल्होसार पर्वमा सामुहिक रुपमा प्रदर्शन गर्दा युवापिढी परम्परागत आफ्नो  संस्कृति कस्तो रहेछ भनि अवगत हुनाका साथै त्यसप्रति आकषिर्त तुल्याउन मद्दत गरेको पाइन्छ। यस पर्वले गुरुङ्गलाई मात्र नभई यस विषयमा अध्ययन गर्न चाहने विभिन्न व्यक्तिहरुलाई साथै संघ संस्थाहरुलाई पनि सहयोग पुग्ने छ।

यो ल्होसार पर्व अन्य गैर ल्होसार समुदायको लागी अभिरुचि विषय पनि हुनसक्छ । गुरुङ्ग जाीतको धर्म,संस्कृति,कला, भाषा,संस्कार नै गुरुङ्ग जातिको पहिचान हो । त्यसैले ल्होसार महत्वपुर्ण पर्वको रुपमा रहिआएको पाइन्छ।

गुरुङ्ग जातिमा देखिएको आफ्नो  मौलिक परम्परा र सांस्कृतिक पहिचानमा आएको विचलनलाई हटाएर जातिय एकता, जातिय स्वाभिमान र आफ्नो इतिहास, संस्कृति तथा पहिचान प्रति गौरव गर्न र बचाई राख्न वर्तमान पुस्तालाई अभिप्रेति गरेको छ ।

**१.५.अध्ययनको संगठन**

प्रस्तुत शोधपत्रलाई जम्मा आठ अध्यायमा विभाजन गरि अध्ययन गरिएको छ । अध्ययन एकमा परिचय, समस्याको कथन र महत्वको बारेमा चर्चा गरिएको छ । अध्याय दुईमा सन्दर्भ सहित्यको पुनरावलोकन गर्ने क्रममा गुरुङ्ग समुदायको पहिचान र जातिय एकता निर्माण सम्बन्धी अध्ययन गरिएको गुरुङ्ग सम्बन्धी सन्दर्भ सामाग्रीको बारेमा चर्चा गरिएको छ । अध्याय तीनमा अनुसन्धान विधिको बारेमा उल्लेख गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको परिचयमा अध्ययन क्षेत्रको बारेमा र संकलन गरेर ल्याइएको तथ्य तथ्यांकहरु बारेमा व्याख्या र विश्लेषण गरिएको छ । अध्याय पाँचमा गुरुङ्ग जातिको चाड ल्होछार मनाउने बारेमा व्याख्या, विश्लेषण गरिएको छ । अध्याय छ मा गुरुङ्ग जातिको धर्म, संस्कृतिको परम्परा र जातिय पहिचानको बारेमा प्रकाश पारेको छ । अध्याय आठ मा सारांश र निष्कर्ष राखिएको छ ।

## अध्यायः- दुई

## सन्दर्भ साहित्यको समिक्षा

नेपाल भौगोलिक विविधताले भरिएको मुलुक भएको कारण यहाँ धेरै जातिय विविधता रहेको छ । नेपालमा रहेको आदिवासी जनजाति मध्ये गुरुङ्ग पनि एक मुख्य आदीवासी जनजाती हुन् । यो जातिको छुट्टै भुमि र मौलिक भाषा, संस्कृति रहेको अस्तित्व बोकी नेपालको आदीवासीको रुपमा बसोबास गर्दै आएका गुरुङ्ग जाति आफ्लाई तमु भनेर चिनाउने गर्दछन् (गुरुङ्ग, २०३८) ।

हिजोआज तमु जातिलाई गुरुङ्ग भनिन्छ । तमुहरुको यस शब्दको प्रयोग शुरु गरेको चार पाँच सय वर्ष जति भयो भन्ने कुरा पाइन्छ (सी.बी. घोताने २०५०) ।

गुरुङ्ग जातिको बसोबास नेपालको अधिराज्यको ७५ वटै जिल्लामा पाइएता पनि विशेष वासस्थान लम्जुङ्ग, कास्की, सिक्लेस, घान्द्रुक गोर्खा, रोल्पा, मुस्ताङ्ग, दोलखा देखि पुर्व मेचीसम्म २०६८ को जनगणना अनुसार बसाई देखिएता पनी समय र परिस्थितीले सबै ठाउँमा रहेको गुरुङ्गले आफ्नो जातिय पहिचान, भाषा र संस्कृतिलाई भने जोगाउन नसकेको देखिन्छ । आजको २१ शताब्दी आउँदा पनि गुरुङ्गका ऐतिहासिक पहिचानहरु दिनप्रतिदिन लोप हुने भएकोले गुरुङ्ग जातियलाई पहिचान गराउने भाषा, लिपी, संस्कृतिको खोजी गर्ने कार्य गुरुङ्ग जातिय एकता कायम गराई अघि बढेकोले गुरुङ्ग राष्ट्रिय परिषदको निरन्तर प्रयासमा तमु छोंज धीं ले गर्दा पनि तमु एकताको पहलले ल्होसार पर्वको सम्मान भएको र जसले गर्दा नै यस पर्वलाई नेपाल सरकारले वि.स. २०५७ पौष १५ गते देखि सार्वजनिक बिदा दिन घोषणा गरेको छ ।

ल्होसार पर्वको दिनमा गूम्बामा लामाहरुको अत्यन्तै महत्वपुर्ण दायित्व भएको हुन्छ । गुम्बामा पुजाआजा गर्नु, बेद पढी प्राथना गर्ने, गुम्बामा आउने सबै भक्तजनहरुको ग्रहशान्ति गराइदिने ल्हो अनुसार वर्तमानमा चलिरहेको जुन ल्हो नराम्रो भएको खण्डमा जन्तरबुटी लगाई दिने गर्दछन् ।

त्यति मात्र नभएर गुरुङ्ग समाजमा लामा गुरुको कर्तव्य नै पुजाआजा, पर्व, जन्मसंस्कार देखि लिएर मृत्यु संस्कार आदिमा पुरेतको भूमीका निर्वाह गर्नु हो । उनीहरु धार्मिक कार्यमा सहभागी हुन्छन् । गुम्बा र समाज बीच अन्तर सम्बन्ध विभिन्न पर्वहरुमा पनि अनुभव गर्न पाइन्छ । समाजले पनि गुम्बा प्रतिको आफ्नो जिम्मेवारी महसुस गरेको देख्न सकिन्छ । गुम्बामा नै पुजाआजा गर्ने भएकोले सम्पुर्ण समुदायका गुरुङ्ग जातिहरु गुम्बामा नै सामुहिक रुपमा भेला भई सबैलाई सुख शान्ति होस्, कुनै बाधा अडचन नआओस भनेर ल्होसार पर्वमा पुजाआजा गर्ने गरिन्छ ।

ल्होसार पर्वले सामाजिक सम्बन्धलाई बलियो र मजबुत बनाउनका साथै गति दिने कार्य गर्दछ । यसले एक आपसमा पारस्परिक बन्धन तथा कर्तव्य र प्रेम भावनाको सहसम्बन्धलाई जागृत गराई सामाजिक एकता कायम गर्न महत्वपुर्ण भुमिका खेल्ने हुदाँ यसलाई सामाजिक संरचनाका रुपमा लिइन्छ ।

(Malinowski) को अनुसार, "संस्कृति एक प्रकारको सामाजिक हतियार हो, जसले मानिसको राम्रो प्रकार्य प्राप्त गर्नु समस्या समाधान गर्नु र आवश्यकताहरु परिपुर्ति गर्न मद्दत गर्दछ । तसर्थ, संस्कृति सामाजिक प्रणालीको एउटा मुख्य अङ्ग हो । जीवनलाई प्रभाव पार्ने सामाजिक स्वरुप नै संस्कृति हो" ।

ल्होसार परम्पराको सन्दर्भमा उल्लेख गर्नु पर्दा सामान्य अर्थमा हेर्दा अर्थात बाहिरी दृष्टिकोणबाट हेर्दा झण्डा गाड्ने र भगवान बुद्धको पुजा गर्ने जस्तो देखिएतापनि भित्री दृष्टिकोणबाट यसको महत्व अत्यन्तै गहन छ ।

समयको चक्र फन्को मार्दै जान्छ र जिवन जगतको स्थिती पनि परिवर्तन हुदै जाने गर्दछ । तर ल्होसार पर्व यस्तो भावनात्मक पक्ष हो जसले मानिसलाई नयाँ संकल्प र उत्साह जगाउदै आशाावादी बनाइदिन्छु जुन आशावादिता बिना मानिसको जीवनको सफ्लताको दिशाा तर्फ कदम चलाउन प्रायः असम्भव हुन्छ (लामा २०५७) ।

प्रत्येक नयाँ वर्षले आफ्नो  विगतका क्रियाकलापको समीक्षा गर्न र नयाँ कदम बारे सोच्न बाध्य गराउँछ । त्यसैले विकसित र सभ्य समाजमा यस्ता चाडपर्वहरुको महत्वलाई बुझेको हुनाले यस्ता चाडपर्वको प्रभाव व्यापक रहेको पाइन्छ । विज्ञान र प्रबिधिक क्षेत्रमा उच्चतम स्तर कायम गर्न पुगेका समाजमा पनि आफ्नो  नयाँ वर्षलाई धुमधामका साथ मनाउने गर्दछन् ।

### २.१. गुरुङ्ग समुदायमा ल्होसार पर्वको सन्दर्भ

गुरुङ्ग समुदायमा ल्होसार पर्वको जनजातिका प्रमुख सवाल तथा चुनौति भनेको भौतिक पहिचान हो जुन तमु एकताको पहलले सावित भएको छ । यही पहिचानलाई अगाडी बढाउनका लागि पहिचानका मुद्दाहरु तिनीहरुलाई सामाजिक रुपमा देश, विदेशमा स्थापित विभिन्न तमु संघ संस्थाहरु लगायत अन्य जनजाति महासंघले पनि उठाएका छन् । यसरी उठाएका सामाजिक मागलाई अझै प्रभावकारी बनाउनका लागि राजनीतिक स्तरमा आवाज बुलन्द गर्न सक्नुपर्छ भन्ने उदेश्य अनुरुप आजभोली बहुसंख्यक जनजातिहरुको आवाजलाई मध्यनजर गरी केही राजनीतिक दलहरुले जातिय भातृ संगठनहरु गठन गरेका छन् । जुन नेपाल लोकतान्त्रिक गुरुङ्ग संघ को अगाडि विभिन्न चुनौति रहेका पाइन्छ । जसमाः

- आफ्नो  उदेश्य प्राप्त गर्नका लागि व्यवहारिक कार्यक्रम बनाई आफ्नो  श्रम, अधिकार लगायत राज्यले तमुहरुलाई ऐतिहासिक देखि बहिष्करणमा पारिएका विषयहरु प्रति सचेत गराउनका लागि बलियो संगठन निर्माण गरी परिचालन गर्नु र सम्पुर्ण गुरुङ्गलाई समेट्ने वातावरण निर्माण गर्ने ।
- नेपालमा रहेका जातजाति, जनजाति लगायत विभिन्न धर्म, संस्कृतिसँग आफ्नो  पहिचान कायम राखी समन्वय गरी आर्थिक, राजनीतिक र संस्कृतिको साझा नीतिको विकास एवं सदभावनाको वातावरण सृजना गरी बलियो राष्ट्र निमार्ण गर्ने ।
- नेपाल राज्य व्यवस्थाले सिमित समुदाय तथा जाति विशेषको हित रक्षाका लागि बहुसंख्यक जातजाति, जनजाति, दलित, महिला तथा मधेसीको धर्म, भाषा, संस्कार संस्कृतिको संहार गरेका छन् । यस अवस्थाबाट हराएका विषयलाई पुन जागरण गर्नका लागि आवश्यक पर्ने बौद्धिक कसरत र आर्थिक स्रोत साधनको परिचालन गर्ने आदी ।

नेपालका गुरुङ्गहरु संख्याको हिसाबले तुलनात्मक रुपमा ज्यादै न्युन भएता पनि विश्वभर फैलिएको बा बसोबास गरेको पाइन्छ । उदाहरणको लागि रोजगारी तथा अन्य कामको सिलशिलामा एसियाको जापान, कोरीया, हङ्गकङ्ग, आसाम, भुटान, सिक्किम, भारत लगाएत न्युजिलैण्ड, अष्ट्रेलिया, बेलायत, अमेरिका तथा गल्फ राज्यहरुमा बसोबास गरेका छन् । गुरुङ्गहरु ती देशहरुमा पनि विभिन्न सांस्कृतिक आर्थिक लगायत धार्मिक तथा जातिय संगठनहरु निर्माण गरी संगठित भएको पाइन्छ । यसरी गुरुङ्ग जातिय पहिचान नेपालका हिमाली भेगका भेडा गोठालादेखि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा समेत फैलिएको छ (तामाङ्ग,२०६४) ।

विष्ट (१९६४) ले सबै जातको फुलबारी 'हामी गुरुङ्ग' शीषर्कमा गुरुङ्ग जातिको थलो अन्नपुर्ण, मनास्लु तथा हिमचुली सम्म पृथ्वीनारायण शाहको राज्य एकीकरणको पालामा गुरुङ्ग जातिको बसोबास पुर्व पश्चिममा रहेको पाइन्छ । पुर्वका गुरुङ्ग आफ्नो  मातृभाषा बोल्दछन् भने आफ्नो  संस्कृतिमा पनि अगाडी छन् । भने त्यही जातिका सन्तान पश्चिमका भने भाषा संस्कृतिमा पछि परेका छन् । यिनीहरुको धर्म बुद्ध धर्म भएतापनि हिन्दु धर्मको प्रभावले हिन्दु धर्म मान्दछन् । यिनी हरुमा फुपुचेलाचेली, मामाचेलाचेलीको बीचमा बिहे चल्ने चलन रहेको छ । यो अन्य जातिमा त्यति छैन । पश्चिमका प्रसिद्ध गुरुङ्ग गाउँ कास्की सिक्लेसमा रमाइलो मनोरञ्जनका लागी घाँटु नाच, सोरठी, रोदीको चलन रहेको पाइन्छ । जुन फागुनको श्रीपञ्चमी देखि बैशाख पुर्णिमासम्म गरिन्छ । जसले गर्दा समुदायका बीच अन्तर सम्बन्ध कायम भई अनुशासनमा बाँधिने बानी बसेको हुन्छ । यिनीहरुले सार्वजनिक कल्याणको लागि रोग व्याधि नलागोस भनी प्रकृति पुजा सामुहिक रुपमा

पनि गर्दछन् । दशैमा भेडा काट्ने, दुर्गा भवानकिो पुजाआजा गर्ने गर्दछन् । हरेक प्रकारको सामुहिक पुजा पर्व मनाउँदा सबै मानिसको संगठनको नेतृत्व गर्ने मुलामी हुन्छन् ।

गुरुङ्ग (१९७८), गुरुङ्ग जातिको इतिहास र संस्कारलाई हेर्दा गुरुङ्ग समाज पितृसतात्मक हो र वंश परम्परा बाबुको नाउबाट सर्दै हस्तान्तरित हुदै जान्छ । गुरुङ्ग समाजमा संयुक्त र एकलगामी दुवै परिवारहरु पाइन्छन् । आर्थिक रुपमा परिवारको उन्नतिको लागि संयुक्त परिवारलाई जोड दिएको हुन्छ । बाबु नै परिवारको मुख्य व्यक्ति हुन्छ र उसले नै परिवारको सबै कुरामा निर्णय दिने गर्दछ । त्यो निर्णय परिवारको सबै सदस्यहरुको लागि बन्धनकारी हुन्छ । मामाकी छोरी विवाह नगरेमा उसले दण्ड तिर्नुपर्दछ । फूपुकी छोरी विवाह त्यति पाइदैन् । गुरुङ्गहरुमा बहुविवाह प्रथा पाइदैन । प्राय गरी एकलगामी विवाह प्रथा नै कायम रही रहेको छ ।

संस्कृति वा संस्कारले कुनै पनि व्यक्तिलाई सामाजिक स्थितीबारे अवगत गराउनुको साथै सामाजिक जीवनको प्रारम्भ हुने समयदेखि नै आफ्नो संस्कृति अनुसार विशेष ज्ञान वा शिक्षा दिने कार्य गर्दछ ।

ल्होसार पर्व गुरुङ्ग समुदायमा महत्वपुर्ण भुमीका रहेको पाइन्छ । यो ल्होसार पर्व गुरुङ्ग लगायत शेर्पा, तमाङ्ग, थकाली, तिब्बेतियन जाति पनि मनाँउदछन् र मनाउने विषयमा भने विभिन्नता पाइन्छ । तर जे भएतापनि गुरुङ्ग समुदायमा ल्होसार पर्व गुरुङ्ग संस्कृतिको एक अभिन्न अंग हो । त्यसैले मैले यस अध्ययनमा ल्होसार पर्वले गुरुङ्ग समुदायमा कसरी आफ्नो पहिचान स्थापित गर्न खोजिरहेको छ, भन्ने सम्बन्धमा जानकारी दिने प्रयास गरेको छु ।

गुरुङ्ग, (१९७८) गुरुङ्ग जातिले आफ्नो मौलिक भाषा, संस्कृतिको पहिचान अभिवृद्धि गर्नका लागि बुद्ध धर्म मान्दछन् । गुरुङ्गको जातिय परिचयका सम्बन्धमा पनि विद्वानहरुका बिचमा विवाद रहेको पाइन्छ । यसरी धारणायुक्त गर्ने विद्वानहरुका अनुसार गुरुङ्ग आर्यनहरु हुन् । यिनीहरु भारतबाट आएका हुन् । यिनीहरु हिन्दु थिए र पछि घले राजाका पालामा बोद्धमार्गी भएका छन् र यिनै घले राजाले यजुर्वेद दिई बौद्ध सम्प्रदाय बनाएका थिए ।

२०६२/०६३ को आन्दोलन पश्चात् देखि नै राजनैतिक परिवर्तनले गर्दा ल्होसार पर्वमा प्रभाव पर्न गएको, २०६३ सालमा तमु मुक्ति मोर्चाले काठमाडौको टुडिखेलमा पहिलो पटक राजनैतिक रुपमा छुट्टै ल्होसार मनाए । संस्थागत रुपमा विकसित ल्होसार पर्व मनाउने शैलीमा राजनैतिक र सामाजिक बहसको थालनि भएर त्यसैको परिणाम स्वरुप २०६४/०६५ मा तमु मोर्चा लोकतान्त्रिक र तमु छोजं धीं ले काठमाडौको अनुसार ल्होसार पर्व मनाएको पाइन्छ । २०६५ मा गुरुङ्ग राष्ट्रिय परिषद र तमु छोजं धीं बीच

एकता भए पश्चात तमु हयुलको जन्म भएको थियो । २०६६ मा तमु हयुलको नेतृत्वमा राजनैतिक दलले सविधान सभामा प्राप्त हैसियतको आधारमा सबै राजनैतिक दलका जातीय संगठनहरुलाई समेत आवद्ध गरी ल्होसार पर्व सम्पन्न गरेको पाइन्छ । यसरी सम्पन्न ल्होसार पर्वको समीक्षा बैठकबाट देशभर विदेशमा रहेका सारा गुरुङ्गको साझा संस्था भएकोले सबै वर्ग, तहका र क्षेत्रको प्रतिनिधित्व तमु हयुलमा रहेको र राज्यबाट पनि ल्होसार पर्वलाई राष्ट्रिय हयुलको नेतृत्वमा देशभर ल्होसार मनाउनुपर्छ भन्ने मान्यता विकास भइरहेको छ (गुरुङ्ग, २०६६) ।

ल्होसार पर्वको दिनमा गुरुङ्ग जाति प्रचलित बाह्र वर्षमा अन्त हुने वर्ग चक्रको परिवर्तन हुन्छ । हरेक पौष १५ मा एक वर्ष फेरिदै बाह्र वर्षमा पुरै एक चक्र फेरिन्छ । यसै दिनलाई गुरुङ्ग भाषामा ल्होसार भनिन्छ । तिहारमा देउसी, भैलो खेली बटुलेको सँगालेको धान, चामल, पैसाले यस दिन रमाइलो गरी भोज खान्छन् । किसानहरुले खेतीपातीका सबै काम सकी अन्न पात भित्राएर आनन्दले दिन बिताउने समय भएकोले गुरुङ्गहरु यस दिन सबै गाँउले मिलेर बारीको पाटामा वा फराकिलो गरा भएको खेतमा गई वनभात पकाएर खान्छन् र मनोरञ्जन साथ नाचगान गरी यो ल्होसार चाड मनाउने गर्दछन् (गुरुङ्ग २०४६) ।

ल्होसार पर्व मनाउनका लागि परदेश गएका परिवारका सदस्यहरु घर फर्कन्छन् भने ल्होसारको उपलक्ष्यमा मान्यजन कहाँ आर्शिवाद थाप्न जाने तथा शान्ति समृद्धि र दिर्घायुको कामना गर्ने चलन छ । साथै आफ्ना दाजुभाई, इष्टमित्र र कुल कुटुम्बहरुका बीच पालैपालो भोज खाने र खुबाउने चलन छ । यसले समुदायका सदस्यहरुलाई सामाजिकीकरण गर्ने एकताबद्ध बनाउने र सहयोग क्षेत्र व्यापक बनाउन मद्दत गर्दछ (मोक्तान, २०५४) ।

गुरुङ्ग जातिको इतिहास र संस्कारलाई हेर्दा गुरुङ्ग समाज पितृसतात्मक हो र वंश परम्परा बाबुको नाउँबाटै सबै हस्तान्तरित हुदै जान्छ । गुरुङ्ग समाजमा संयुक्त र एकलगामी दुवै परिवारहरु पाइन्छन् ।

आर्थिक रुपमा परिवारको उन्नतिको लागि संयुक्त परिवारको मुख्य व्यक्ति हुन्छ र उसले नै परिवारको सबै कुरामा निर्णय दिने गर्दछ । त्यो निर्णय परिवारको सबै सदस्यहरुको लागि बन्धनकारी हुन्छ । आफ्नो मामाकी छोरी विवाह नगरेमा उसले दण्ड तिर्नु पर्दछ । फूपुको छोरी विवाह गर्न पाइने भएतापनि त्यति चलनमा भने भेटिदैन र अन्तर जातिय विवाह त्यति पाइदैन । गुरुङ्गहरुमा बहुविवाह प्रथा पाइदैन । प्राय गरी एकलगामी विवाह प्रथा नै कायम रही रहेको छ । भाउजु व्यहोर्ने चलन देखिदैन् तर साली विवाह गर्ने चलन भने यथावत नै छ । अपवादको रुपमा दिदी बहिनी विवाह गर्ने चलन पनि देखिन्छ ।

यो चाडले नाता, वंश, आफन्त, परिवारमा एकता कायम गराएको पाइन्छ । समुदायका आधारमा सिल्दो नाल्दो, ल्हो वापा (स्वस्ति शान्ति गर्ने) गैडु गोरु पुजा, रहोतेलवा (गाँउ पुजा), फैलु (कुल पुजा), तुदेउता, यासो वापा मुल रुपमा प्रकृतिका सम्पुर्ण वस्तुको मंगलको कामना गर्ने अमंगलकारी तत्वलाई लखेट्ने र स्वस्ति शान्ति गर्ने, पितृप्रति श्रद्धा अपर्ण गर्ने गरेको पाइन्छ । यसरी गुरुङ्ग समुदायमा कसिलो भावनात्मक तथा व्यवहारिक बन्धनमा बाधिएको स्पष्ट हुन्छ (थकाली २०६७) ।

ल्होसारले समाज र राष्ट्रलाई हरेक दृष्टिकोणले असल वातावरणको सृजना, धार्मिक सहिष्णुता, राष्ट्रिय संस्कृति विविधताको संरक्षण भातृत्व भावनाको विकास, आपसी सहयोगको भावनाको विकासका साथै यसले नियमित प्राकृतिक परिवर्तन तथा त्यस अनुकुल मानव तथा मानविय क्रियाकलापलाई प्रभाव पारिरहेको छ । ( गुरुङ्ग २०५५) ।

गुरुङ्गहरुको सार्वजनिक कल्याणका लागि रोगव्याधिबाट मुक्तिका लागि सिल्यो नाल्यो (सिमेभुमे) पुजा म्हो वापा, गैडु र ल्होटेवला (गाउँ पुजा) गर्दछन् । श्रीपञ्चमी, वैशाख पुणिमा, माघे संक्रान्ति, चैते दशैको पुजा गर्दछन् । हरेक प्रकारका सामुहिक पुजा, पर्व चाड मनाउन पर्दा सबै मानिसको संगठनको नेतृत्व गर्ने मुलमी हुन्छन् (विष्ट, २०६४) ।

ल्होसार पर्व वास्तवमा अघिल्लो पुस्ताले पछिल्लो पुस्तालाई आ-आफ्नो सामाजिक मुल्य र मान्यताको आधारमा भएका गरेका धरोहरहरुको हस्तान्तरण गर्ने एउटा उपयुक्त माध्यमको रुपमा स्थापित गराउन महत्वपुर्ण भुमिका खेलेको छ (तमु २०५५) ।

सामाजिक दृष्टिले महत्वपुर्ण मानिने ल्होसार पर्वमा धनि गरिब सबै एकै ठाँउमा भेला भएर खानपिन, नाचगान गरिने र सबैसँग भेटघाट हुने भएकोले यसको आकर्षण झनझन बढेर गएको छ । ल्होसार पर्व देशका भोटे, बमैली, पहाडी तथा हिमाली समुदायले मात्र नभई एसियाका विभिन्न राष्ट्रले समेत धुमधामका साथ मनाइन्छ । चीन, मंगोलीयन, जापान, थाइल्याण्ड, कोरीया, भुटान, र बर्मामा पनि यही मौसममा ल्होसार मनाइने चलन छ । देशको पहिचान र गौरवलाई जीवन्त राख्न र अस्मितालाई जोगाएर नेपाली भई बाँच्न मद्दत पुग्ने विश्वास रहेको छ (गुरुङ्ग २०६०) ।

ल्होसार पर्वले गर्दा नै गुरुङ्ग समुदायका मानिसहरुमा पछिल्ला पर्वहरुमा भन्दा शहरमा बसेका गुरुङ्ग समुदायमा आफ्ना भाषा, संस्कृति र भेषभुषा प्रतिको मोह बढ्दै गएको छ (गुरुङ्ग २०६०) ।

ल्होसार पर्वको अवसरमा देखिने सहभागिताले एकताको सन्देश दिएको पाइन्छ । ल्होसार पर्व मनाउनाले लोप हुन लागेको भाषा, संस्कृतिको जर्गेना भएको छ । आफ्नो संस्कार, संस्कृतिको पहिचान गर्न

पाएको छ । राजधानीको सम्पुर्ण ठाँउमा छरिएर रहेका सम्पुर्ण तमुहरुबीच चिनजान तथा आदानप्रदानको वातावरण बनेको छ (तमु, २०६०) ।

Benard Pigneda(1966) ले कास्की जिल्लाको मोहरिया गाउँको गुरुङ्गको अध्ययनमा गुरुङ्ग जातिको तिनै गोत्रमा चार जात र १६ जात भनी ब्राम्हणले मतभेद गरेता पनि १९५८ मा चन्द्र बहादुर गुरुङ्गले ४ जात र १६ जात फरक नभई कोही कसैको प्रतिरोधी सेवक नभएर समान हुन् र गुरुङ्ग जाति एउटै समुदायका हुन् भनी गोत्रमा एकताबद्धता गरेको पाइन्छ ।

**२.२. सैद्धान्तिक अवधारणाः- प्रकार्यवाद**

समाज र संस्कृतिको अध्ययन गर्दा विभिन्न उपागमन मध्ये संरचनात्मक प्रकार्यात्मक दृष्टिकोण पनि एक महत्वपुर्ण दृष्टिकोण हो । जुन १९ औ शताब्दीको अन्त्य र २० औ शताब्दीको सुरुवातबाटै संरचनागत प्रकार्यात्मक दृष्टिकोण अस्तित्वमा आएको थियो । यसले समाजलाई एउटा व्यवस्था मानी त्यस व्यवस्थाभित्र रहेका जति पनि भागहरु छन् । तिनले सकारात्मक भुमिका निर्वाह गरेका हुन्छन् र ति भागहरु बीच अन्योन्यप्रति प्रकार्यात्मक सम्बन्ध रहेको हुन्छ भन्ने मान्यतालाई उजागर गर्दछ । यसैले सामाजिक तथा सांस्कृतिक प्रणालीका विभिन्न एकाईहरु र एकाईहरुबाट तयार भएको संरचनालाई जोड दिन्छ । प्रत्येक एकाईहरुको प्रणालीको निरन्तरताको लागि एक आपसमा अन्तरसम्बन्धित भई प्रकार्य गर्दछ । जब एकाइहरुले प्रकार्य गर्दैन् । त्यस अवस्थामा प्रणालीको अस्तित्व रहन सक्दैन् । त्यसैले कुनै पनि प्रणालीलाई निरन्तरता दिन तथा अस्तित्वमा रहनको लागि एकाइहरुले अनिवार्यरुपमा प्रकार्य गर्दछ । भन्ने मान्यतालाई संरचना प्रकार्यात्मक दृष्टिकोणले स्पष्ट पार्दछ ।

Ritzer, (२०००) यस सिद्धान्तको व्याख्या गर्ने मुख्य प्रर्वतकहरुमा Durkeim, Radcliffe Brown, Maliowski, R.K. morton आदी रहेका छन् ।

Gopal Singh Nepali, (सन् १९६५) ले "The Newar" पुस्तक मार्फत नेवारी समाजको गठनको प्रक्रिया र सिङ्गो नेवारी समाज ढाँचालाई एउटा व्यवस्था मानेर त्यस भित्रको सामाजिक कार्यव्यवहार, अन्तरसम्बन्ध र अन्तरक्रियालाई प्रकार्यात्मक दृष्टिकोणबाट विश्लेषण गरेका छन् । नेपाली (सन् १९६५) का अनुसार नेवारी समुदायमा रहेका विभिन्न नेवारी चाडपर्व, भोज, जात्राले प्रकट कार्यको रुपमा आफ्नो संस्कारलाई निरन्तरता दिएका छन् । भने अप्रकट कार्यको रुपमा नेवारी समुदायलाई एकताको रुपमा बाधेको नेपालीको भनाइ छ । त्यस्तै जात अनुसार पेशाको विभाजनले पनि उनीहरुमा आपसमा एकता कायम गरेको छ । नेवारी परम्परा अनुसार लगाइने गर-गहना, पहिरन तथा अन्य खानाका परिकारहरु साथै आफ्नै मौलिक

भाषाले नेवारी समुदायमा भौतिक पहिचान, संस्कृतिको प्रतिकात्मक अर्थ दिएको छ । प्यागोडा शैलीको कलाकारिताले नेवारी संस्कृतिलाई झल्काएको उल्लेख गर्दै नेवारी समुदायमा गरिने भजन-किर्तन, नाचगान, खेलकुद तथा पूजाआजाले नेवारी संस्कृतिलाई जिवन्त राखेको लेखकको भनाइ छ ।

त्यस्तैगरी Radcliff Brown, (सन् १९५२) उनका अनुसार सामाजिक संरचना भनेको धेरै एकाइहरु परस्परमा मिलेर बनेको एउटा व्यवस्था हो । जसमा विभिन्न एकाईको प्रकार्यबिना संरचना हुन नसक्ने र संरचना बिना पनि इकाइहरुको अस्तित्व रहन नसक्ने र यिनको Andaman Islanders का अध्ययन बाट परम्परा रितिरिवाज, जन्म, चलन, संस्था एक अर्का वीचमा रहने अन्तर सम्बन्धबाट स्पष्ट हुन्छ ।

Durkheim, (सन् १९६४) अनुसार सामाजिक घटनाको कार्यकारण सम्बन्ध पत्ता लगाउन र समाज र संस्कृतिको अध्ययन भनेको सामाजिक सांस्कृतिक प्रकृयाको अध्ययन हो, सामाजिक, सांस्कृतिक प्रकृया भनेको सिङ्गो समाज विकासको प्रकृया हो । उनले धर्मले समाजलाई बाधेर राखेको हुन्छ । यो एउटा यान्त्रिक (Machnical) हो जसले व्यक्तिहरु माथि नियन्त्रण वा प्रमुख मात्र नजमाएर उनीहरुका सामान्य सक्षमता र दक्षताको कदर पनि गर्दछ । साथै समाजमा श्रम विभाजन (Division of Labour) ले समाजलाई एकतामा बाँधेर राख्ने गर्दछ भनेको छन् ।

R.k.Morton अनुसार समाज र संस्कृतिमा सबै एकार्यहरुको प्रकार्यात्मक एकता सधैं हुँदैन । समाज र संस्कृति अनुसार फरक-फरक हुन्छ । जस्तैः प्रकट,कार्य र अप्रकार्य आदी । गुरुङ्ग समुदायलाई समग्रता मान्ने हो भने ल्होछार परम्परा त्यस समग्रताको एउटा महत्वपुर्ण एकाई हो । जस बीचमा एक आपसमा अन्तर सम्बन्ध कायम रहेको हुन्छ । त्यस्तै गरी यहाँ गुरुङ्ग जातिले जातिय संगठन स्थापित गर्नका लागि सबैजना एकजुट भए तमु वौद्ध गुम्बा समितिको स्थापना २०४० सालमा गरेको छ । त्यसैले यस अनुसन्धानमा गुरुङ्ग जातिले मनाउने ल्होछार पर्वको महत्व, केलाउने प्रयास गरिएको छ ।

# अध्याय तीन

# अनुसन्धान विधी

## ३.१. अध्ययन क्षेत्रको छनौट

पश्चिममा अञ्चल विकास क्षेत्रमा अवस्थित स्याङ्जा विविध सास्कृतिक विविधिता भएको सहर र विविध जाति जनजाति बसोबास स्थल हो । गण्डकी अञ्चलको दक्षिण पश्चिमी भागमा अवस्थित पहाडी जिल्ला स्याङ्जाको उत्तरमा कास्की, पुर्वमा तनहुँ, दक्षिणमा पाल्पा र पश्चिममा गुल्मी जिल्ला पर्दछ । जुन ठाँउमा बहुसांस्कृतिक समाज रहेको छ । सांस्कृतिक विविधता भएतापनि सामाजिक जीवनमा कतिपय अवस्थामा एकरुपता भने पाइन्छ । यस क्षेत्रको प्रमुख धर्म हिन्दु भएता पनि कोहीले बौद्ध धर्म मान्दछन् । यहाँका गुरुङ्ग जातिहरुले पहिले देखि नै हिन्दु धर्म मान्दै आएको पाइन्छ र हाल आएर आफ्नो जातिय पहिचान, संस्कारको खोज अनुसनधान हुन थालेपछि ल्होसार पर्वको प्रभाव पर्न गएको छ । यस अध्ययनको लागी स्याङ्जा जिल्ला ढापुक गा.वि.स. वडा नं. ४ अवस्थित गुरुङ्ग जातिहरुलाई छनौट गरिएको छ । यसका कारणहरुमा उक्त ठाँउका गुरुङ्ग समुदायले ल्होसार पर्वलाई कस्तो रुपमा लिएका छन् । सो बुझ्न शोधकर्ता उक्त समुदायको नजिकको स्थानिय बासिन्दा भएको र उनीहरुको बारेमा विस्तृत अध्ययन गर्न सजिलो हुनाले स्याङ्जा जिल्ला ढापुक गा.वि.स. वडा नं. ९ मा गुरुङ्ग जातिको वस्ती भएकाले र यहाँका गुरुङ्ग जातिले आफ्नो पहिचान बनाउनको लागी दशै मान्न छाडी प्रत्येक गुरुङ्ग जातिको घरमा लुङ्गदर लगाउन थाल्नुका कारणहरु पत्ता लगाउन र यहाँ गुरुङ्ग जातिले ल्होसार पर्व कसरी मनाउँदछन् सो बुझ्न् ।

## ३.२. अनुसन्धान ढाँचा

प्रस्तुत शोध पत्र वर्णनात्मक अनुसन्धान ढाँचामा प्रयोग गरिएको थियो । यस अध्ययनमा ल्होसार पर्वले जातिय पहिचान र एकता निर्माण गर्नको लागी कस्तो भुमिका छ प्रस्तुत गरिएको छ ।

## ३.३.नमुना छनौट

यस शोधकार्यका लागि स्याङ्जा जिल्ला ढापुक गा.वि.स वडा नं. ४ पखेरेमा बस्ने गुरुङ्ग जातिको समग्र १०० घरधुरीबाट ५० वटा घरमुलीहरुको नाम गोलाप्रथा विधीवाट प्रयोग गरी छानिएको थियो । यसरी समग्रताबाट नमुना छनौट गर्नको लागी समग्र घरधुरीको नाम सुचिवद्ध गरेर चिट्ठामा हाल्यो र ५० वटा घरमुलीको नाम नआउन्जेल थुतिरहयौं र यसरी अध्ययनरत घरमुलीहरु छनौट गरिएको थियो । (अनुसुचि १ मा उल्लेख गरिएको छ ) ।

### ३.४. तथ्याकको स्रोत

#### ३.४.१. प्राथमिक स्रोतहरु

अध्ययनको विषयसँग सम्बन्धित सुचनाहरु संकलन गर्न अध्ययन क्षेत्रमा भएका बुढापाका, लामा, आदी व्यक्तिहरुसँग अन्तरबार्ता गरी आवश्यक सुचनाहरु संकलन गरिएको थियो । यसरी सुचना संकलन गर्दा प्रत्यक्ष भेटघाट गरी, अन्तरवार्ता गरी आवश्यक जानकारी लिइएको थियो ।

#### ३.४.२. द्वितीय स्रोतहरु

गुरुङ्ग जातिका ल्होसार परम्पराका बारेमा सम्बन्धित विभिन्न सुचना संकलन गर्दा पत्रपत्रिका, पुस्तक, प्रतिवेदन, लेख शीघपत्र, शैक्षिक तथ्यांक, अभिलेख फाइलहरु आदिको प्रयोग गरिएको थियो । जुन स्रोतहरु प्राप्त गर्न पुस्तकालय, केन्द्रिय तथ्यांक संकलन गरिएको थियो ।

### ३.५. तथ्यांक संकलन विधी

कुनै पनि विषयको अध्ययन र अनुसन्धानमा तथ्यांक संकलन विधिको ठुलो भुमिका हुन्छ । अध्ययनको आसातित परिणाम पनि तथ्यांक संकलन प्रविधिमा निर्भर रहन्छ । अध्ययनलाई पुर्णता दिनका लागि पनि तथ्यांक संकलन आवश्यक छ । संकलन गर्ने क्रममा तथ्यांकको स्रोत अन्तर्गत रहेको विधिलाई नै प्रयोग गरिएको छ । जो यस प्रकारमा छ ।

#### ३.५.१. अवलोकन

यस अध्ययनको शोधकर्ता गुरुङ्ग समुदायको नजिकको स्थानिय वासिन्दा भएकोले गुरुङ्ग जातिको परम्परा ल्होसारको बारेमा अध्ययन गर्ने मौका प्राप्त भएको थियो । शोधकर्ताले ल्होसार परम्पराको बारे हरेक कार्यमा ध्यानपुवक भाग लिएको थियो । अवलोकन पश्चात् देखेका अनुभव गरिएका कुराहरु नोट गरी संकलन गरिएको थियो । यसरी अवलोकन गर्दा ल्होसारको आवश्यक र महत्व के के छन् र कुन कुन इष्टमित्र भएर मनाउँछन् भनी ध्यान पुर्‍याइएको थियो ।

अवलोकन विधिमा गुरुङ्ग समुदायबाट निर्मित बौद्ध गुम्बा तमु सेवा समितकिो कस्तो ढाँचा छ ? यहाँ लामाहरु बस्छन् की बस्दैनन् ? कस्ता मानिसहरु गुम्बाका आजिवन सदस्यहरु बनेका छन् ? गुम्बाको सरसफाई कसले गर्दछ ? गुम्बाको संरक्षण कसले गर्दछ ? गुम्बामा मानिसहरु दैनिक रुपमा आउँछन् की चाडपर्व बिशेषमा मात्र ? गुम्बामा आफ्नो  जातिय लिपी संस्कृतिको पहिचानको लागि कस्तो योगदान गरेको छ ? ल्होसार पर्वमा कस्तो पोशाक लगाएर पहिचान प्रर्दशन गरेको छ भन्ने कुरा अवलोकन गरिएको थियो ।

### ३.५.२. अन्तरवार्ता

यस ढापुक गा.वि.स. का गुरुङ्ग समुदायका बुद्धिजीवी सदस्यहरु पुरोहित काम गर्ने लामा गुरुङ्गसँग अन्तरवार्ता लिइएको थियो । जसमा ल्होसार परम्परा कति दिनसम्म मनाइन्छ, यस पर्वको दिनमा गुम्बामा के के गरिन्छ, कस्ता कार्यक्रमहरुको आयोजना गरिन्छ, यस दिनमा लामाहरुले के काम गर्दछन्, आफ्न्त वा नाताहरु बीच कस्तो सम्बन्ध रहन्छ, ल्होसार पर्वमा घरका जेठो बाठो वा अन्य सदस्यहरुको भुमिका कस्तो रहन्छ, भगवान वुद्ध तथा पुर्खाहरु प्रति कस्तो किसिमको श्रद्धा भाव राखिन्छ, कस्तो किसिमको सांस्कृतिक वा सामुहिक कायक्रम गरिन्छ, यस पर्व अनुरुप आफ्नो  पहिचान बनाउन कस्तो किसिमको योगदान गरेका छन् ।

### ३.६. तथ्यांक विश्लेषण

यस अध्ययनमा विभिन्न वर्णानुक्रम विधि, अवलोकन, अन्तरवार्ता अनुसन्धान ढाँचा प्रविधि अपनाई संकलन गरिएका तथ्यांक लाई क्रमबद्ध रुपमा आवश्यक अनुसार विश्लेषण गरिएको थियो त्यसरी उत्तर आएका जवाफ्लाई केही भागमा तालिकामा प्रतिशतमा देखाउने काम पनि गरिएको छ । जसमा गुरुङ्ग समुदायका बुद्धिजीवीहरु सदस्य, लामा गुरु थिए । जसलाई अनुसुची १ मा देखाइएको छ ।

### ३.७. अध्ययनको सिमा

नेपाल लगायत विश्वभरमा बसोबास बौद्ध मार्गीहरुको इतिहास  कालदेखि नै जातिय अस्तित्वमा रहदै आएका विविध चाडपर्वहरु दिनप्रतिदिन विकसित रुपमा अगाडि बढ्ने क्रम जारी रहेको छ । हिमाली बौद्धमार्गीहरुले मनाउने ल्होसार पर्वको महत्वलाई अध्ययन गर्दा विगतका दिनहरुमा भन्दा वर्तमान अवस्थामा विशेष महत्व दिएर धुमधाम साथ मनाउन शुरु गरेको पाइन्छ । अझ यस ल्होसार पर्वको महत्व र विशेषतालाई हिमाली भेगका सबै बौद्धमार्गीहरुले एकीकृत रुपमा मनाउन सके कोसेढुङ्गा सावित हुने कुरामा दुईमत हुने थिएनन् । ल्होसार पर्वले आफ्नो  जातिय, सांस्कृतिक, धार्मीक, संस्कार स्वरुप पहिचान दिने गरेको छ (तमू, २०६६) ।

यो शोधपत्र स्याङ्गजा जिल्लाको ढापुक गा.वि.स वडा नं. ४ पखेरे भित्र छरिएर रहेका गुरुङ्गहरुको महान चाड ल्होसार पर्वले जातिय पहिचान दिन सामाजिक महत्वमा सिमित रहेको छ । सम्बन्धित गुरुङ्ग समुदायको क्षेत्रमा आवश्यक सुचना सही रुपमा संकलित होस् भनेर Check list तयार पारेर सम्बन्धित क्षेत्रका जानकारहरुलाई सोधीएको थियो । जसमा ५० जना उत्तरदाताहरुमा Lottery sampling system द्वारा छनोट गरिएको थियो । यो अध्ययनमा भएको तथ्यको प्रकृति गुणात्मक र केही मात्रात्मक छन् । यस

अध्ययनमा विशेष गरी स्याङ्जा जिल्लाको ढापुक गा.वि.स. वडा नं. ४ पखेरेका गुरुङ्ग जातिले मान्ने ल्होसारको बारेमा प्रकाश पारेको छु ।

## अध्याय :- चार

## अध्ययन क्षेत्र र गुरुङ्ग जातिको अवस्था

### ४.१. भौगोलिक अवस्था

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तगर्त गण्डकी अञ्चलको ६ जिल्लाहरु मा एक जिल्ला स्याङ्गजा हो यहाँ सिञ्जाली थर भएका मगरहरुको ठुलो बस्ती भएकोले सिंजा मगर थरबाट केही शाब्दिक परिवर्तन भई स्याङ्गजा बनेको र सोही आधारमा जिल्लाको नाम रहेको मानिन्छ । यो स्याङ्गजा जिल्ला २६ डिग्री २३ मिनेट उत्तर देखि २६ डिग्री ५५ मिनेट उत्तरसम्म र देशान्तर ५७ डिग्री ५ मिनेट पूर्व देखि ८७ डिग्री १६ मिनेट पूर्वसम्म फैलिएको छ ।

गण्डकी अञ्चलको दक्षिण पश्चिमी भागमा अवस्थित पहाडी जिल्ला स्याङ्गजाको उत्तरमा कास्की, पुर्वमा तनहुँ, दक्षिणमा पाल्पा, पश्चिममा गुल्मी जिल्ला पर्दछ । ११६४ वर्ग कि.मी क्षेत्रफ्ल भएको स्याङ्गजा जिल्लाको जनसंख्या ३,१७,३२० रहेको छ । र पुरुष १,३६,२६९ र महिला १,५७,२५७ रहेको छ । यो जिल्लामा ४ नगरपालीका सहित ५२ वटा गा.वि.स. रहेको छन् (रेग्मी, २०६७) ।

### ४.१.१. अध्ययन क्षेत्र

पश्चिमाञ्चल विकास क्षेत्रमा अवस्थित स्याङ्गजा जिल्लामा पर्ने ढापुक गा.वि.स. वडा नं. ४ पखेरे नेपाल कै एक सुन्दर तथा विविध सास्कृतिक विविधता भएको गाँउ हो । साथै पर्यटकीय सम्भावना बोकेको गाँउ हो यस ठाँउमा विभिन्न देवीदेवताका मन्दिरहरु, डाँडा काडाहरु रहेका छन् र त्यसैले गर्दा यसको पर्यटकीय महत्व उच्च रहेको छ ।

हालको उक्त गाँउ रहेको स्थानमा शुरुमा घनाजंगल रहेको र सो जगल फडानी गरी पखेराहरु बनाएको भन्ने प्रचलनमा रहेको छ । त्यसपछि भञ्ज्याङ्ग भन्ने ठाँउबाट गुरुङ्ग जातिका मानिसहरु बसाई सरी उक्त ठाँउमा आएको र पहिलाको पखेरा भन्ने ठाँउबाट आजको पखेरे गाउँको नामाकरण भएको भन्ने भनाई छ (तमू, २०६२) ।

यहाँ विभिन्न जाति जनजातिहरुका सांस्कृतिक र परम्परागत रहनसहन तथा रितिरिवाजले पनि पर्यटकिय महत्वलाई सहयोग पुर्‍याएको छ । नेवार जातिको गाईजात्रा, लाख नाच, गुरुङ्ग जातिको रोदीघर, बाहुन क्षेत्री जातिको दशै तिहार आदी को लागी पखेरे महत्वपुर्ण थलोको रुपमा रहेको छ । जस्तै भुमे पर्व, छकी ली, पानी माग्ने पर्व, सुर्या रागास थुर्ने, प्रकृति पुजा आदि मनाउने गर्दछन् ।

यहाँ बाहुन, क्षेत्री, नेवार, गुरुङ्ग, कामी, दमाई, आदी जातजातीका मानिसहरु बसोबास गदछन् । र तिनीहरुमा हिन्दु र बौद्ध धर्म मान्ने धर्मालम्बीहरु रहेका छन् । यसैगरी थोरै मात्रमा इस्लाम र क्रिश्चियन धर्म मान्ने धर्मलम्बीहरु पनि छन् (तमू, २०६२) ।

### ४.२. जनसंख्या

२०६८ सालको जनगणनामा तमू जनसंख्या ५,४३,५७१ देखाईएको छ । नेपालको जनसंख्या बृद्धि दर २.२ प्रतिशत रहेको हुनाले हाल गुरुङ्गको जनसंख्या यो भन्दा बढी हुनसक्छ । तमू समूदायको जनसंख्या मध्ये महिलाको २,४८,१८५ छ भने पुरुषको २,५९,३८६ देखाईएको छ । नेपालको पश्चिमाञ्चलको १६ जिल्लाहरुमा ६०.२४ प्रतिशत गुरुङ्ग बसोबास गर्दछन । मध्यमाञ्चलमा २२.७१ प्रतिशत, पूर्वाञ्चलमा ११.५०, मध्यपश्चिमाञ्चलमा ४.६७ प्रतिशत र सुदुरपश्चिमाञ्चलमा ०.८८ प्रतिशत तमूहरु बसोबास गरेका छन । डा.हर्क गुरुङ्गका अनुसार विशेष गरेर पश्चिमाञ्चल क्षेत्रको गोरखा, लमजुङ्ग, तनहुँ, कास्की, स्याङ्गजा, पर्वत, मनाङ्ग र मुस्ताङ्ग जिल्लाका विभिन्न ठाउँहरुमा गुरुङ्गहरुका घना बस्तीहरु छन् । तमूहरुको हिमाली क्षेत्रमा ८.३० प्रतिशत, पहाडि क्षेत्रमा ७१.९५ प्रतिशत र तराई क्षेत्रमा १९.७५ प्रतिशत देखिन्छ भने नेपालको ७५ जिल्लामा गुरुङ्गहरुको बसोबास रहेको छ । सबैभन्दा थोरै बसोबास गरेको कास्की जिल्लामा ६९०३८ छन भने सबैभन्दा थोरै बसोबास रहेको कालीकोट जिल्लामा १५ जना छन ।

कुनै पनि निश्चित स्थानमा निश्चित समयमा बसोबास गरेका महिला तथा पुरुषको सङ्ख्यालाई त्यस ठाँउको सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, आदी विभिन्न क्षेत्रहरुमा प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । यसरी प्रभाव पर्ने यस वडा समितीमा बसोबास गर्ने पुरुष तथा महिलाहरुको जनसंङख्यालाई तलको तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**
**ढापुक गा.वि.स.को जनसंख्या**

| क.स.वडा नं | परिवार संख्या | प्रतिशत | जम्मा संख्या | प्रतिशत | महिला संख्या | प्रतिशत | पुरुष संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४८ | ४.९२३ | ३५६ | ५.७२९ | १७६ | ५.८५६ | १८० | ५.६०९ |
| २ | ६८ | ६.९७४ | ५६८ | ९.२४ | २६८ | ८.९१८ | ३०० | ९.३४८ |
| ३ | १३५ | १३.८४६ | ६७५ | १०.८६ | ३२६ | १०.८४८ | ३४९ | १०.८५६ |
| ४ | १३५ | १३.८४६ | ९६४ | १५.५१ | ४५३ | १५.०७ | ५११ | १५.९२३ |
| ५ | १८८ | १९.२८ | १०७६ | १७.३१ | ५४४ | १८.१० | ५३२ | १६.५७८ |
| ६ | ७९ | ८.१०२ | ५१० | ८.२० | २४५ | ८.१५३ | २६५ | ८.२५८ |
| ७ | ७५ | ७.६९२ | ५६२ | ९.०४ | २६१ | ८.६८५ | ३०१ | ९.३७९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | १०० | १०.२५ | ५३७ | ८.६४ | २५१ | ८.३५२ | २८५ | ८.८८२ |
| ९ | १४८ | १५.१७९ | ९६६ | १५.५४ | ४८१ | १६.०० | ४८६ | १५.१४४ |
| जम्मा | ९७५ | १०० | ६२१४ | १०० | ३००५ | १०० | ३२०९ | १०० |

स्रोतः स्याङ्गजा जिल्लाको वस्तुगत विवरण २०७२ केन्द्रिय तथ्यांक

माथिको तालिका नं. १ अनुसार पुरुष भन्दा महिलाको जनसंख्या कम रहेको देखिन्छ । यस गा.वि.सं मा जम्मा ९ वडाहरु रहेका छन । त्यसैगरी वडा नं. १ मा जम्मा जनसंख्या ३५६ मा पुरुष १८० र महलिा १७६ रहेको पाइयो । वडा नं. २ मा पनि पुरुषको संख्या नै बढी छ । उक्त वडामा पुरुषको संख्या ३०० रहेको छ भने महिलाको संख्या २६८ छ र जम्मा जनसंख्या ५६८ रहेको छ । त्यसैगरी वडा नं. ३ र ४ मा पनि पुरुषकै संख्या बढी रहेको छ भने वडा नं. ५ मा भने पुरुषको भन्दा महिलाको संख्या बढी रहेको छ । उक्त वडामा महिलाको संख्या ५४४ रहेको छ भने पुरुषको संख्या ५३२ रहेको छ । वडा नं. ६, ७, ८, र ९ मा पनि पुरुषकै संख्या महिलाको भन्दा बढी रहेको छ । सरदर रुपमा तथ्याङ्क हेर्दा ढापूक गा.वि.सं. मा महिलको संख्या भनदा पुरुषको बढी रहेको देखिन्छ । यस गा.वि.सं.मा जम्मा संख्या ६२१४ रहेकोमा पुरुषको संख्या ३२०८ रहेको पाइयो भने महिलाको संख्या ३००५ रहेको पाइयो । स्याङ्गजा जिल्लाको अरु गा.वि.सं.हरुको जनसंख्या यस गा.वि.सं.को जनसंख्या कम देखिएको छ ।

### ४.२.१ जातको आधारमा जनसंख्या

जातिय विविधता भएको नेपालमा धर्म, संस्कृति, रीतिरिवाज र परमपराले धनी रहेको छ । यस गाउँ विकास समितीमा पनि विभिन्न जातजातिहरु बसोबास गरेको पाइन्छ । यी जातजातिहरुको जातिगत आधारमा निम्न जनसंख्या रहेको छ । जसलाई तलको तालिका नं. २ मा देखाइएको छ । यस ढापूक गा.वि.सं.मा रहेका जातिहरु निम्न रहेका छन् ।

तालिका नं. २

जातजातिको आधारमा जनसंख्या

| क्र.स. | जात | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | क्षेत्री | ६८५ | २१.३४ | ५९५ | १९.८० | १२८० | २०.५९ |
| २ | ब्राम्हण | ७३० | २२.७४. | ६२५ | २०.७९ | १३५५ | २१.८० |
| ३ | मगर | ६२५ | १९.४७ | ६१० | २०.२९ | १२३५ | १९.८७ |
| ४ | नेवार | २८५ | ८.८८ | २४१ | ८.०१ | ५२६ | ८.४६ |
| ५ | कामी | १०३ | ३.२०९ | ११५ | ३.८२६ | २१८ | ३.५०८ |
| ६ | गुरुङ्ग | ५११ | १९.८२३ | ५०५ | १६.८० | १०१६ | १६.३५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | दमाई | २०१ | ६.२६ | २३४ | ७.७८ | ४३५ | ७.०० |
| ८ | सार्की | ६९ | २.१५ | ८० | २.६६२ | १४९ | २.३९७ |
| जम्मा | | ३२०९ | १०० | ३००५ | १०० | ६२१४ | १०० |

स्रोत जातजातिको जनसंख्या २०७२ अनुसार

तालिका नं. २ अनुसार स्याङ्गजा जिल्ला ढापूक गा.वि.सं. मा सबैभन्दा बढी जनसंख्या बाहुन जातिको रहेको छ जसमा जम्मा जनसंख्या १३५५ रहेको पाइयो भने त्यसमा पनि पुरुषको संख्या ७३० छ भने महिलाको संख्या ६२५ रहेको पाइयो । उक्त गा.वि.सं. को जम्मा जनसंख्या ६२१४ रहेको बाहुन जातिको संख्या १३५५ रहेको पाइयो । त्यसपछि क्रमशः क्षेत्री १२८०, मगर १२३५, गुरुङ्ग १०१६, नेवार ५२६, दमाई ४३५, कामी २१८ र सार्की १४८ रहेको देखिन्छ ।

### ४.२.२. स्याङ्गजा जिल्लाको पखेरेमा गुरुङ्ग जातिहरुको बसोबास को इतिहास

सबै जातजातिको मुलजातिय पहिचानलाई बचाएर राख्दा नेपाल एउटा जातिय फुलबारीको रुपमा रहनेछ । जसको लागि यहाँको भाषा, धर्म, संस्कृतिको विविधतालाई बचाउन सक्ने वातावरण बनाउनु पर्दछ । भन्ने उदेश्य अनुरुप यहाँ अवस्थित गुरुङ् जातिको पनि आफ्नो  जातिय पहिचान स्थापित गर्नका लागि केही विद्वान अग्रसर गुरुङ्गहरु जसमा  बिर्ख ब. गुरुङ्ग, तार बहादुर गुरुङ्ग, देक बहादुर तमु आदी सामुहिक रुपमा संगठित भएर आफ्नो  जातिय संस्कृतिलाई जर्गेना गर्नुपर्छ र आफ्नो  पहिचान बनाउनुपर्दछ । भन्ने एकताबद्ध रुपमा लागि परिरहे । जुन बेला राज्य सत्ताको विभेद र दमनको कारण पनि यिनीहरुले आफ्नो  जातिय हक र हितको लागि लुकीछिपी भएर पनि आफ्नो  भेला, संगठन गर्ने गर्दथे (विष्ट, १९६४) ।

यहाँ गुरुङ्ग जातिलाई कहाँबाट आई बसोबास गरेका छन् भन्ने सन्दर्भमा खासगरी गुरुङ्ग जातिको मुल थलो गण्डकी प्रदेश भएको र २०११ सालमा पहिलो स्याङ्गजामा बसोबास गर्ने क्याप्टेन पूर्ण बहादुर गुरुङ्ग हुन् ।

यसरी गुरुङ्ग जातिको बस्ती भएपछि यहाँका अग्रसर गुरुङ्गहरुले आफ्नो  जातिय भाषा, संस्कृतिलाई लोप हुनबाट बचाउनका लागि गुरुङ्ग जातिको लागि एउटा समीति वा संस्था खडा गर्ने निर्णय अनुसार सम्पुर्ण गुरुङ्ग जातिलाई समेटेर देउसी, भैली जस्ता कार्यक्रम खेलेर २०४० सालमा गुम्बा निर्माण गरे । यिनीहरुको आर्थिक स्वरुप अनुरुप नै गुम्बा निर्माण र गुम्बामा भगवान् बुद्धका मुर्तिहरु राखेको र त्यहाँ व्यवस्थापन संचालन गर्ने कार्यहरु भएको पाइन्छ । गुम्बामा एकजना लामालाई राखी आफ्नो  जातिय बेद विधान पढ्ने

पढाउने व्यवस्था गरे । गुम्बामा पुरोहितको कार्य हुने गर्दछ । जसले गर्दा गुरुङ्ग जातिको शुभकार्य पुजाआजा, न्वारन, पास्नी, विवाहदेखि लिएर मृत्यु काण्डमा पनि लामा गुरु लगाउन थालिएको छ ।

हाल गुरुङ्गहरु कुनै पनि बच्चाको पास्नी जाँदा पनि आफ्नो जातिय पोाशाक लगाएर जाने गर्दछन् । गुम्बामा पौष शुक्ल १५ मा जाँदा पनि सबै गुरुङ्ग जातिले जातिय पोसाक लगाएर जाने गदछन् । गुम्बामा विभिन्न व्यक्तिले लामा विधि सिक्दै आइरहेको पाइन्छ । गुम्बामा आमा समुह र युवा समुहको पनि हात रहेको पाइन्छ ।

स्याङ्गजा जिल्लाको ढापुक गा.वि.स. को वडाहरुको जनसंख्यीक विवरण

तालिका नं. ३

| क.सं. | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | १८० | ५.६ | १७६ | ५.८५ | ३५६ | ५.७२ |
| २ | ३०० | ९.३४८ | २६८ | ९-८.९१८ | ५६८ | ९.१४ |
| ३ | ३४९ | १०.८७ | ३२६ | १०.८४ | ६७५ | १०.८६ |
| ४ | ५११ | १५.८७ | ४५३ | १५.०७ | ९६४ | १५.५१ |
| ५ | ५३२ | १६.५७ | ५४४ | १८.१० | १०७६ | १७.३२ |
| ६ | २६५ | ८.२५ | २४५ | ८.१५ | ५१० | ८.२१ |
| ७ | ३०१ | ९.३७ | २६१ | ८.६८ | ५६२ | ९.०४ |
| ८ | २८५ | ८.८८ | २५१ | ८.३५ | ५३७ | ८.६५ |
| ९ | ४८६ | १५.१४४ | ४८१ | १६.० | ९६६ | १५.५४ |
| जम्मा | ३२०९ | ५१.६५ | ३००५ | ४८.३५ | ६२१४ | १००.० |

स्रोत : स्याङ्गजा जिल्लाको ढापुक गा.वि.स.को वस्तुगत विवरण

तालिका नं. ३ मा ढापूक गा.वि.सं. को वडाहरुको जनसंख्यिय विवरण प्रस्तुत गरिएको छ । उक्त विवरण अनुसार ढापूक गा.वि.सं. मा जम्मा ९ वडाहरु रहेको देखिन्छ । यस गा.वि.सं. को जम्मा जनसंख्या ६२१४ रहेको छ भने सबैभन्दा बढी जनसंख्या वडा नं. ५ मा पाइयो । यस वडामा जम्मा संख्या १०६८ छ भने पुरुषको संख्या ५३२ र महिलाको संख्या ५४४ रहेको पाइयो । त्यसपछि क्रमशः वडा नं ९ मा ९६६, वडा नं. ४ मा ९६४, वडा नं. ३ मा ६७५, वडा नं. २ मा ५६८, वडा नं. ७ मा ५६२, वडा नं. ८ मा ५३७, वडा नं ६ मा ५१० र वडा नं. १ मा ३५६ रहेको पाइयो । सबैभन्दा कम जनसंख्या वडा नं १ मा रहेको पाइयो भने जम्मा जनसंख्या ३५६ मा पुरुषको १८० रहेको पाइयो भने महिलाको संख्या १७६ रहेको पाइयो ।

### ४.२.३. लिङ्गको आधारमा उत्तरदाताको चल अचल सम्पत्तिको विवरण

अन्य समूदायमा जस्तै गुरुङ्ग परिवारहरुमा पनि पुरुषको स्थान माथिल्लो र प्रभावकारी रहेको पाइएको छ । यसको कारण हो घरको चल अचल सम्पत्ति पुरुषको नाममा रहन्छ, घरमा महत्वपूर्ण निर्णयहरुमा पुरुषको निर्णय अन्तिम नै हुन्छ । तर अन्य बाहुन क्षेत्री समाजको तुलनामा गुरुङ्ग समूदायका महिलाहरु बढी स्वतन्त्र र अधिकार सम्पन्न हुन्छन् (गुरुङ्ग,२०६२) ।

गुरुङ्ग जातिको १०० घरधुरीबाट ५० जना उत्तरदाताको चल अचल सम्पत्तिको अवस्था निम्न अनुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. ४

लिंगको आधारमा उत्तरदाताको चल अचल सम्पत्तिको अवस्था

| क.स. | लिंग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुष | ३५ | ७० |
| २ | महिला | १५ | ३० |
| जम्मा | | ५० | १०० |

तालिका नं. ४ अनुसार गुरुङ्ग जातिको लिङ्गको आधारमा उत्तरदाताको अवस्था हेर्दा महिलाको भन्दा पुरुषको संख्या बढी रहेको पाइयो । उक्त जातिको ५० जना उत्तरदाताको लैङ्गिक अवस्था हेर्दा ३५ जना अर्थात ७० प्रतिशत पुरुष देखियो भने जम्मा १५ जना अर्थात ३० प्रतिशत महिला भएको पाइयो ।

### ४.२.४. पेशागत आधारमा उत्तरदाताको अवस्था

**तालिका नं ५**

**पेशागत आधारमा उत्तरदाताको अवस्था**

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| शिक्षण | ९ | १८ |
| कृषि व्यवसाय | १० | २० |
| शिक्षा | १० | ३० |
| सेना | १५ | २० |
| समाजसेवा | ६ | १२ |

स्रोत :स्थलगत अध्ययन, २०७२

तालिका नं. ५ अनुसार, उत्तरदाताको वस्तुगत विवरण अनुसार गुरुङ्ग समुदायमा शिक्षा प्रणालीको राम्रै प्रभाव परेकोले १८ प्रतिशत गुरुङ्ग जाति शिक्षण पेशामा आवद्ध भएको पाइयो । कृषि व्यवसायमा धान, मकै,

कोदो आदी कार्यमा २० प्रतिशत रहेको, जसले गर्दा आर्थिक अवस्थामा राम्रो सुधार भएको पाइन्छ । यस समुदायमा विशेष बाहुल्यता विटिस आर्मीमा सम्लग्न भएको पाइयो । त्यस्तै गरी समाजसेवामा १२ प्रतिशत लागि परेको आफ्नो टोल सुधार, सडक निर्माण, साथै गुम्बा निर्माण कार्यमा सम्लग्न भएको पाइयो ।

### ४.२.५. धर्मको आधारमा उत्तरदाताको अवस्था

धर्मले पनि मानिसको जीवनयापनमा प्रभाव पार्दछ । जस्तो हिन्दु धर्म मान्नेले हिन्दु संस्कार अनुसार बौद्ध धर्म मान्नेले बौद्ध धर्म अनुसार संस्कार गर्दछन् । इसाई धर्म मान्नेले हिन्दु बौद्ध धर्म मान्दैनन् । हिन्दु बौद्ध मान्नेहरुले पनि इसाई धर्म मान्दैनन् । जसले गर्दा धर्मले पनि मानिसले जीवनमा प्रभाव पार्दछ ।

तालिका नं. ६
धर्मको आधारमा उत्तरदाताको अवस्था

| क.सं. | धर्म | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बौद्ध | ३६ | ७२ |
| २ | हिन्दु | १४ | २८ |
| जम्मा | | ५० | १०० |

स्रोत :- स्थलगत अध्ययन २०७२

तालिका नं. ६ अनुसार, उत्तरदाताको अध्ययन अनुसार बौद्ध धर्म आफ्नो संस्कृति मान्ने ७२ प्रतिशत रहेता पनि हिन्दु धर्म २८% मान्ने रहेको देखियो । यी जातिको आफ्नै किसिमको भाषा, धर्म, संस्कृति छन् । आफ्नै भाषा बोल्ने सन्दर्भमा भने पश्चिमका गुरुङ्ग जातिमा नेपाल एकीकरणको राजनैतिक परिवर्तनको प्रभाव परेको देखिन्छ । यी जातिमा नेपाली भाषा र हिन्दु धर्मको प्रभाव परेको जानकारहरु बताउँछन् । त्यस्तै विभिन्न संघसस्थाहरुले नेपाल सरकारसँग विभिन्न समयमा आफ्नो भाषा, धर्म, संस्कृतिको माग गर्दै आन्दोलन पनि गरेका छन् । जसले गर्दा आ-आफ्नो जातिय भाषाहरुलाई मौलाउने अवसर मिलेको पाइन्छ । त्यस्तै गरी गुरुङ्ग समुदायको आफ्नो भाषा संरक्षणको प्रयास गरिरहेको पाइन्छ ।

२०६२/६३को ऐतिहासिक जनआन्दोलन पश्चात भने नेपाललाई धर्म निरपेक्ष राज्यको रुपमा तत्काल अन्तरिम सरकारले घोषणा गरेको हुनाले त्यसपछि भने सबै धर्म संस्कृतिहरुले समान रुपले फुट्ने मौका पाएका छन् ।

### ४.२.६. भाषिक समुहको आधारमा उत्तरदाताका अवस्था

२०६८ को जनगणनाको तथ्याङ्क अनुसार तमू ५,४३,५७१ कुल जनसंख्याको २,८२,६५७ अर्थात ५२ प्रतिशतले मात्र आफ्नो मातृभाषा बोल्दछन् । पूर्वमा ताप्लेजुङ्ग, संखुवासभा, खोटाङ, पाँचथर, ओखलढुङ्गा, रुम्जाटार, सिन्धुपाल्चोक, तराईमा झापा, सुनसरी, मोरङ्ग, चितवन, बुटवल, भैरहवा। नेपालगञ्ज, सुर्खेत, कैलाली र दैलेखतिरका गुरुङ्गहरुमा गुरुङ्ग भाषा, संस्कृति लोप हुँदै जाने क्रममा छ । उनीहरुमा आफ्नो भाषा, संस्कृति प्रति माया ममताको भावना नभएर होईन । उनीहरु नयाँ ठाउँमा बसाइ सरेकाले त्यहाँ तमू क्युई (गुरुङ्ग भाषा) बोलिदैन । राज्यको नीतिको प्रभाव पारेकोले र गुरुङ्ग भाषा सिकेर फाइदा छैन भन्ने मानसिकताले भाषा,संस्कृति पनि लोप हुँदै गएको देखिन्छ । सहर बजारमा बसोबास गर्ने गुरुङ्गहरुको आफ्नो सन्तानसँग मातृभाषा सम्बाद गर्दैनन् । उनीहरु खस नेपाली भाषा अङ्ग्रेजी भाषामा बढी जोड दिन्छन् । गुरुङ्ग सामाजिक संघ-संगठनहरुको आफ्नो कार्यक्रम सञ्चालन गर्दा खस नेपाली भाषामै गर्छन् ।

गुरुङ्ग जातिको १०० घरधुरीबाट ५० उत्तरदाताको भाषिक अवस्था निम्न अनुसार प्रस्तुत गरिएको छ ।

भाषिक समुहको आधारमा उत्तरदाताका अवस्था

| क्र.सं. | भाषिक समुह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गुरुङ्ग भाषा | ६ | १२ |
| २ | नेपाली | ९ | १८ |
| ३ | दुबै भाषा ( गुरुङ्ग र नेपाली) | ३५ | ७० |
| जम्मा | | ५० | १०० |


स्रोत र स्थलगत अध्ययन २०७२

तालिका नं. ७ अनुसार उत्तरदाताको विवरण अनुसार गुरुङ्ग जातीमा दुबै भाषा बोल्ने प्रमुख रहेको देखिन्छ । पश्चिमका यी जातिमा आफ्नो भाषा भर्खरै मात्र शुरुवात भएको देखिन्छ । समुदायमा नेपाली भाषा नै बोल्दछन् । यसको प्रमुख कारण नै गुरुङ्ग बसाईसराई भएर आएको साथै देशको राजनीतिक परिस्थितीले अगाडीका पुर्वजहरुले नै आफ्नो भाषा नबोलेकाले गर्दा पनि हो ।

गुरुङ्ग जातिले तिब्बेती बर्मेली भाषा नै बोल्दछन् । गुरुङ्ग भाषा विशेष गरी गोरखामा १६.९२ प्रतिशत, लमजुङ्गमा ३१.१५ प्रतिशत, कास्कीमा १४.६४ प्रतिशत र मुस्ताङमा ९.४५ प्रतिशत बोल्दछन् । नेपाली खस भाषा पछाडी दोस्रो यो गुरुङ्ग भाषा पर्दछ ( गुरुङ्ग, २०४७) ।

नेपालीमा गुरुङ्ग भाषा भोट बर्मेली परिवारको भोट हिमाली शाखा अन्तर्गत देखिन्छ । भोट हिमाली र तिब्बती गरी दुई भागमा विभक्त देखिन्छ । गुरुङ्ग भाषा हिमाली भाषाले उत्तर पश्चिम उपशाखा अन्तर्गत रहेको पाइन्छ । जसलाई रेखाचित्र अनुसार देखाइएको छ ।

तालिका नं. ७




गुरुङ्ग भाषा

साधारणतया नेपाली शव्दलाई गुरुङ्ग भाषामा यसरी बोलिन्छ । जस्तै

| नेपाली भाषा | गुरुङ्ग भाषा |
|---|---|
| आमा | आमा |
| बाबा | आपा |
| दाज्यु | दाजे |
| दिदी | आना |
| घर | दि |
| पानी | क्यु |
| दाउरा | सी |
| चामल | म्लसी |

| | |
|---|---|
| पिठो | प्रो |
| आगो | मे |
| हिजो | तेल |
| आज | तियाँ |
| दिउसो | धिङ्ग |
| राती | मैसा |
| खानु | चर् |
| जानु | ह्यार |

यी जातिको जनसंख्या नेपाल बाहिर भारतको आसाम, मणिपुर, देहरादुन, दार्जिलिङ , सिकिम्म र अन्य देश भुटान र वर्मासम्म फैलिएको छ । तर यस क्षेत्रमा मानिसहरु प्राय गरी नेपालको भाषाको नै बढी प्रयोग गरेको पाइयो । गुरुङ्ग  जातिको जनसंख्या २०६८ को अनुसार ५,४३,५७१ अर्थात २०.३९ प्रतिशत देखाएको छ । भाषा बोल्नेको संख्या ३,३८,९२५ अर्थात १.४९ प्रतिशत रहेको पाइन्छ ।

## ४.३.बसाईको अवस्थिती र घरको प्रकृति

गुरुङ्ग गाउँहरु (जसलाई नास भनिन्छ ) प्रायः उच्च भु-भागहरुमा अवस्थित छन् । तमू भाषामा उच्च भू-भागलाई लेक भन्न उपयुक्त हुन्छ । गुरुङ्गहरु एउटा निश्चित भु-भागमा गुजुमुज्ज भएर बस्न मन पराउँछन् । यसको अर्थ हो, उनीहरु एकलकाँटे होईन, समूहमा जोडिएर बनाइएको हुन्छ । जसले गर्दा घरको सुखदुःख अर्की घरछमेकीले थाहा पाउन वा बुझ्न सक्छन् र कहिल्यै एकलोपन महशुस हुँदैन । त्यति मात्र होइन गाउँकै वीचको घरबाट कुनै सूचना प्रवाह गर्दा एकै छिनमा गाउँभरि फैलिन्छ र सबैलाई जानकारी प्राप्त हुने गर्दछ । गुरुङ्ग गाउँहरु बाहुन क्षेत्रीको जस्तो छरिएर रहने तथा घर बनाउने चलनको ठीक उल्टो एउटै बस्तीमा एक अर्कासँग जोडिएर र छिमेकी भएर बसोबास गर्न मन पराउँछन । गुरुङ्ग गाउँका बाटो प्रायः ढुङ्गाले छापेको बलियो, सजिलो र सुन्दर भएकोले एक घरबाट अर्को घरमा आवतजावत गर्न धेरै सजिलो भएको महशुस हुन्छ ।

गुरुङ्ग गाउँका छिमेकीका रुपमा दलित परिवारहरु खासगरी परियार, विक र नेपाली बसोबास गरेको देख्न पाइन्छ । परम्पारगत रुपमा कपडा सिलायने, खानजोत गर्ने र छालाका काम जस्तै जुत्ता सिलाउने काम उनीहरुबाट नै हुने भएकोले एक अर्कामा निर्भर रहने चलन छ । तर परिवर्तित अवस्थामा दलितहरु अरब देशहरुमा जाने गरेकाले काम लिने अवस्था छैन् । गुरुङ्ग गाउँहरु कतिपय ठाउँ ज्यादै ठूलो संख्यामा देख्न पाइन्छ । गुरुङ्गहरु प्रायः विदेशी सेनामा जाने र त्यहाँको चलन चल्ती सिकेर आई गाउँमा पनि सफा सुग्घर बन्नुपर्छ, गाउँ सुन्दर राख्नुपर्छ भन्ने भावनाले पनि गुरुङ्ग गाउँहरु अत्यन्तै सरल र सुन्दर हुन्छन् ।

गुरुङ्ग घरहरुलाई दुई भागमा वर्णन गर्न सकिन्छ । प्रथम खरको छाना भएको घुमाउने हो । घरभित्रका मुख्य संरचनाहरु धुरी र मुख्य खाबो हुन्छन् । घुमाउने घर मुख्य धुरीमा विभिन्न बली अडाएर चारैतिर फैलाएर घरको छाना निर्माण गरिन्छ । यी घुमाउने घर प्रायः एक तले हुन्छन् । घरभित्रको संरचनाहरु भण्डार, अगेना। अगेनाको डिल, अगेनाको डिलको उत्तरपट्टिको भागमा चोखो ठाउँ हुन्छ भने दक्षिणपट्टिको सुरमा बाबु बस्ने ठाउँ हुन्छ । त्यहाँ काठको मधुरा राखिएको हुन्छ । मधुरामा धन सम्पत्ति राखिन्छ ।

परम्पराको घुमाउने घर आजभोली अधिकांश लोप भइसकेको छ । यसको सट्टामा प्रमुख गुरुङ्ग गाउँहरुमा दोस्रो रुपको घर ढुङ्गाले छाएको चारपाटे देखिन्छ । आधुनिक घरभित्र पानी गाग्री राख्ने, कुखुरा रहने खोर, खाना पकाउने, खाने भाँडाकुँडा राख्ने ठाउँ, खाना पकाउने अगेना र अर्को कुनामा सुत्ने खटिया रहेको पाईन्छ । घरको पिँढि इष्टमित्र भेटघाटमा आसामपूर्वक बसेर सरसल्लाह गर्ने थलो पनि हो । घरका दायाँबायाँ छेउमा सुत्न मिल्ने कोठा बनाएको हुन्छ । आजकल जस्ताले छाएको घरहरु प्रशस्त देख्न पाईन्छ । घर घरमा चर्पि निर्माण भएको छ भने पानीको सुविधा लिने गरेको देख्न पाइएको पनि छ । प्रायः घरहरु ढुङ्गाले कुँदेर ईटा आकाशमा कटाई गरी निमार्ण गरिएको हुन्छ । माथिल्लो तलामा अन्न जस्तै कोदो, धान र मकै राख्ने चलन हुन्छ । ढुङ्गा कुँदेर घर बनाइने हुँदा गुरुङ्गघरहरु हेर्दा अत्यन्त सुन्दर देखिन्छन् । विदेशी सेनाबाट फर्किर आएका परिवारहरुले भेटघाट तथा आराम गर्ने बैठक कोठा , खाना पकाउने, खाने र सुत्ने कोठा गरी छुट्टाछुट्टै कोठाहरु निर्माण गर्ने चलन ल्याएकोले आजकल पुराना घरहरु लोप हुँदै गएको उदाहरण छ । घरका साथै अर्को महत्वपूर्ण पक्ष हो घर-आँगन । गुरुङ्ग गाउँमा ससाना फुलवारी र घरको फराकिलो ढुङ्गाले छापेको आँगनमा नै मकै राख्ने सुली देख्न पाइन्छ ।

## ४.४. परिवारिक सम्बन्ध र संगठन

मानव समाजको प्रारम्भिक इकाई परिवार हो । परिवार विना समाजको अस्तित्व र निरन्तरता सम्भव हुदैन् । कुनै पनि जातिको चालचलन, रीतिरिवाज, रहनसहन र सामाजिक संगठन जान्नको लागि पहिले यस जातिको बारे अध्ययन गर्न आवश्यक छ ।

गुरुङ्ग परिवार भनेको रक्त नाताभित्रका मानिसहरुको बसाई हो । एउटा गुरुङ्ग परिवारभित्र श्रीमान श्रीमती, उनका बालबच्चा, दाजुभाई, दिदीबहिनी र बाबु आमा रहन्छन् । यसको अर्थ हो एउटा पविारभित्र बाजे बज्यै छोराबुहारी र नातीनातिनी सजिलै देख्न पाइन्छ । यो तीन पुस्तेनी बसाईको प्रचलन नै गुरुङ्ग परिवारको मौलिकता हो भन्दा फरक पर्दैन । तर पश्चिमीकरणको प्रभाव र परिवारभित्रका सदस्यहरुमा आपसी सद्भाव र विश्वास टुट्दा आजकल एक्लो परिवारको चलनले ठाउँ लिएको छ । अध्ययन क्षेत्रमा १०० घरधुरीबाट ५०

घरधुरी छनौट गरिएको, जसमध्ये ३४ घरपरिवार अर्थात ६८ प्रतिशत एकात्मक रहेका छन भने १६ घरपरिवार अर्थात ३२ प्रतिशत संयुक्त रहेका छन् ।

गुरुङ्ग समुदायमा महिलाको पुरुष जतिकै नै समान र स्वतन्त्रता भएको पाइन्छ । प्रायः समाज पितृसतात्मक भएता पनि मुलीको रुपमा पुरुष रहेता पनि आर्थिक कारोबार, लेनदेनमा महिलाको हक अधिकार रहेको पाइन्छ । साथै गुरुङ्गजातिको परिवारमा सासु, बुहारी, छोरी बिचमा कुनै खासै भेदभाव भएको पाइदैन् ।

तालिका नं. ८
उत्तरदाताको पारिवारीक स्वरुप

| क.स. | परिवारको स्वरुप | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | एकात्मक | ३४ | ६८ |
| २ | संयुक्त | १६ | ३२ |
| जम्मा | | ५० | १०० |

स्रोत :- स्थलगत अध्ययन २०७२

तालिका नं. ८ अनुसार स्थलगत अध्ययन क्षेत्रमा गुरुङ्ग जाति एकात्मक र संयुक्त गरी दुई भागमा वर्गिकरण भएको देखिन्छ । यहाँ बढी मात्रामा एकात्मक ६८ प्रतिशत र संयुक्त ३२ प्रतिशत रहेको देखिन्छ ।

जसले गर्दा पहिले पहिले गुरुङ्ग जाति संयुक्त रुपमा बसेको पाइएता पनि हाल आएर यी जातिका परिवारका सदस्यहरु विदेश रोजगारमा नोकरी गर्न गएर साथै सैन्य सेवा (ब्रिटिस आर्मी ) मा भर्ती भई गएकाले गर्दा आर्थिक अवस्थामा राम्रो सुधार आएकोले पनि आफ्नो अलग्गै घर बनाउने, जग्गा जमिन किन्ने भएकोले पनि एकात्मक परिवारप्रति आकर्षित भएको देखिन्छ । एकात्मक परिवारमा आर्थिक भार कम पर्न जाने भएकोले पनि आजकल एकात्मक परिवार प्रति आकर्षित हुन गएको छ । समयको विकाससँग एकात्मक परिवारको संख्या बढ्दै गइरहेको यहाँका गुरुङ्ग समुदायमा पनि देखिन्छ ।

**४.५. भेषभुषा**

गुरुङ्ग जातिका भेषभुषा तथा गरगहना आफ्नै प्रकारको छ । जसले आफ्नो जातिय पहिचान दिने गर्दछ । पुर्वका गुरुङ्ग जातिले आफ्नो कुनै पनि सांस्कृतिक संस्कारहरुमा जाँदा आफ्नो जातिको भेषभुषा लगाएर जाने गर्दछन् । गुरुङ्ग समूदायभित्र पुरुष वर्गका लगाउने कपडाभित्र कासा (कछाड) भोटो। पेटी, टोपी बुढापाका भए कैगी (पेटा) , आएकोट ( इस्टकोट), जुत्ता पर्दछ भने आजकल पेन्ट, कमिज, सर्ट कोट दौरा सुरुवालले ठाउँ लिएको छ । पुरानो समयमा प्रयोग हुने धुमहारी(धुमराडी) देख्न गाह्रो भएको छ । यस्तै महिलाहरुको ङ्युई(साडि ,गुनियो) प्रो (घलेक), तम्ला ( टिकिस), क्रमू( पछ्यौरा), फगी (पटुका) र चोली पर्दछ

। आजकल लुङ्गी आधुनिक साडि , ब्लाउज लगाउने चलन आएको भए पनि संस्कृति जागरणका कारणले सहरी क्षेत्रमा पनि महिलाहरु आफ्नो मौलिक भेषभुषामा प्रशस्त देख्न पाइएको छ भने पुरुष वर्गले ल्होसार र अन्य चाडवाडमा कास (कछाड) , भोटो , आस्कोट, हेङगा ( भाङग्रा) कुली/मल्कु (टोपी) जुत्ता लगाउने गर्दछन ।

प्रमुख गहनाको रुपामा शीरफूल, झोक (शीरबन्दी ),मार-चुरा(सुनको बाला), हार कण्ठी (पोते), असर्फी च्या (असर्फी औंठी), सिलमुन्द्री रैया ( बाला), विरु (मूगा) नै प्रमुख हुन् । आजकल भने लकेट सुनको सिक्री र मारचुवो (सुनको बाला) प्रचलन बढी छ । दैनिकी लगाउने गहनाहरु केही साधारण छन भने चाडपर्वमा आर्से (तिलहरी) कण्ठी (पोते), नौगेरी ( नौगेडी) र च्या (औंठी) लगाउने प्रचलन बढेको छ (तमू, २०५७) । गुरुङ्गहरु बढी मात्रामा बृटिस र भारतीय सेना लगायत ब्रुनाई र सिंगापुरमा समेत बढी कार्यरत रहेकोले र आम्दानीका स्रोतहरु सन्तोषजनक भएकोले गहनाको प्रचलन बढी देखिएको हो ।

यी गुरुङ्ग समूदायमा आफ्नो सांस्कृतिक कार्यक्रममा आफ्नै जातीय पोशाक लगाए पनि साधारणतया पुरुषले कमीज,पाइन्ट र महिलाले लुङ्गी,साडी ब्लाउज कुर्ता सुरुवाल लगाएको पाइन्छ ।

# अध्याय पाँच

## ५.१. ल्होसार पर्व मनाउने दिन र तरीका

विविध जातजातिहरुको संगम स्थलको रुपमा परिचित नेपालमा १२५ जातजातिहरु ११७ भाषा-भाषीहरुको पहिचान भएको पाइन्छ । (कार्की २०६९) विभिन्न जातजातिहरुका आ-आफ्नै मौलिक भाषा, संस्कृति रहनसहनका वातावरण लवाई, खवाई, सामाजिक परिवेश तथा धर्म संस्कृतिहरु रहेका छन् । यी विभिन्न समुदायहरुले परापुर्वकालबाट हालसम्म आफ्नो धर्म बचाउदै आ- आफ्नो मौलीक पहिचान यहीँ धर्म संस्कारका माध्यमबाट दिइएको पाइन्छ । जातिको धार्मिक सम्प्रभुता माथि निस्वार्थ रुपमा सहयोग गरेको पाइन्छ । जातिय विभेद र धार्मिक कटरता नेपाली समाजमा विरलै मात्र पाउन सकिन्छ ।

ल्होसार गुरुङ्ग जातिको सामाजिक पर्व हो । ल्होसारको अर्थ नयाँ वर्ष हो । प्रत्येक वर्ष पुष १५ का दिन देश विदेशमा रहनु भएका सम्पूर्ण तमू जातिले उत्साहपूर्वक ल्होसार पर्व मनाउँछन् । ल्होसार पर्व प्राकृतिक विधि विधान र सौर्य मण्डलको गतिसँग सम्बन्धित छ । तमू चि (ज्योतिष शास्त्र) अनुसार १२ वटा पशुपंक्षिको नाममा बाह्र वर्षको एउटा ल्हो कोर (वर्गचक्र) हुन्छ । यही ल्हो कोर अनुसार प्रत्येक वर्ष पौष १५ का दिनमा ल्हो (वर्ग) फेरिन्छ । यस वर्गचक्र अनुसार वर्ग फेरिने दिनलाई ल्होसार अथवा नयाँ वर्ष भन्दछन् । ल्होकोर, अर्थात वर्गचक्रमा समावेश रहेका पशपंक्षिहरु क्रमैसँग घोडा, भेंडा, बाँदर, चरा, कुकुर, मृग, मुसा, गाई, बाघ, बिरालो, सर्प/नाग, गरुड आदी छन् । प्रत्येक ल्हो (वर्ग) को आफ्नो तत्व हुन्छ । ती तत्वको आधारमा मानिसका लक्षण थाहा पाउन सकिन्छ ।

तमू ल्होसारमा नयाँवर्गले सूर्यको गतिलाई पछ्याउँछ । सूर्य पृथ्वीको दक्षिणी गोलार्धको मकर रेखा पुगेर उत्तरी गोलार्धको कर्कट रेखातिर फर्कने दिन गुरुङ्ग भाषमा ङि खोर अथवा ङिहमादुवामा ल्होसार पर्व मानिएको हो । जब सूर्य उत्तरायण हुन्छ त्यस दिनदेखि पृथ्वीको उत्तरी गोलार्धमा सूर्यको किरण सोझिन थाल्छ अथवा रात छोटो दिन लामो हुँदै जान्छ । आषाढ १५ गते रात छोटो दिन लामो हुने दिन हो भने पुष १५ रात लामो दिन छोटो हुने दिन हो । प्रा.डा. जगमान गुरुङ्गको मत अनुसार तमू ल्होसार पूर्वीय वेदाङ्ग वैदिक सम्वत र पश्चिमेली खगोल शास्त्री एवम् भूगोलविदहरुले भने अनुसार ३० डिसेम्बरमा दिन छोटो रात लामो हुन्छ भन्ने मान्यता नजिक पर्दछ । प्रत्येक धर्म समूदायको नयाँ वर्ष फेरिने तिथिमितिका दिनहरु आ-आफ्नै छन् । तिब्बती समूदायको तोला ल्होसार, सोनाम ल्होसार र ग्याल्बो ल्होसार छन् । तमू जातिले मान्ने पर्व पुष १५ लाई तमू ल्होसार भनिन्छ । यस दिनलाई तमू संस्कृति अनुसार जीवन साथी रोज्ने प्रेम दिवसको रुपमा हेर्ने गरिएको पनि छ ।

ल्होसार पर्व प्राकृतिक गतिसँग सम्बन्धित रहेको हुनाले र अनादी कालदेखि रहेको हुनाले यो कहिले देखि शुरु भयो तिथिमित निक्योल भएको छैन । वर्ग परिक्रमा पृर्थ्वले सूर्यलाई परिक्रमा गर्दा दायाँ देखि बायाँ घुम्ने जस्तै वर्गचक्र परिवर्तनको क्रम पनि दायाँ देखि बायाँ घुम्छ । ल्हो परिवर्तन पुष १४ गतेका मध्यराती गुरु पुरोहितहरुले स्वस्तीशान्ति पूजा गरी शुरु गरिन्छ । पूर्वीय मान्यता अनुसार सूर्य उदयसँगै दिन प्रारम्भ मानिएको हुनाले ल्होसार पनि सूर्य उदयसँगै सुरु हुन्छ भन्ने मान्यता पनि छ । ल्होसार प्रकृतिसँग सम्बन्धित भएको हुनाले यसमा मानव जीवन असल हुनको लागि प्राकृतिक जगत असल हुनुपर्छ भन्ने सन्देश छ । ल्होसारको अवसरमा राति १२ वजे पच्यूले छ्योबा त्हें, क्लेह्म्बृले थासों त्हें र लामाले छ्यु त्हें गरेर स्वस्ती शान्ती , सह साधन र आयु साधन गर्छन् । श्रद्धालुहरुलाई गुरु पुरोहितहरुले पुरुषलाई नौसरो ९ गाठो को नाममा र महिलालाई सात सरो ७ गाँठोको नाममा बेंसार र खरानीमा रंगाएको धागो गलामा बाँधी “ सुख-शान्ति, धन, मान र स्वास्थ्य लाभ होस ” भनी शुभकामना दिन्छन् । अन्य समूदायले पनि एक आपसमा शुभकामना आदानप्रदान गर्छन । यो धार्मिक विश्वासको विशेषता हो ।

ल्होसारको महत्वपूर्ण विशेषता सामूदायिक भावनामा आधारित भएकोले त्यस दिन स्योकैं (सह-भोजन) आयोजना गर्छन् । पहिले गाउँ ठाउँका युवायुवतीहरुले विभिन्न चाडवाड, उत्सब र अवसरमा मिलेर जम्मा गरेको पैसा तथा एक आपसको सहभागीता उब्जाइएका खाद्य सामाग्रीहरु जम्मा गरी गाउँका सबै मानिसहरु एक ठाउँमा जम्मा भई एकै ताउलोमा पकाएको सहभोजन गर्ने सामूदायिक भावनामा आधारित सामाजिक विशेषता हो । यो सह-भोजनमा भूमीको मालिक, मौलाको मूखिया भद्र भलादमी ज्योतिष, गुरुपुरोहित, आमा समूह, युवायुवती, इष्टमित्र, साथीभाई, पाहुनाहरु सहभागी हुन्छन् । यस चाडले सामाजिक सौहार्दता सामूदायिक भावना र सहयोगिको भावना बढाउँछ । तमू ल्होसारमा मिलिजुलि, हाँसिखुशी, दुःखसुख बाँड्छन । सँगै खान्छन, पिउँछन र नाचगान खेलकुद गरी भरपूर मनोरञ्जन लिन्छन् । तमूहरु मिलनसार र रमाइलो हुन्छन् । एकता नै बल हो, तमू ल्होसारको मूल सन्देश । ल्होसारमा भाईचाराको लागि एक आपसमा शुभकामना आदान प्रदान गरिन्छ ।

ल्होसारको दिन लामाहरुबाट स्वस्ति-शान्तीको पूजा गरी कुशल मंगल प्राप्तिको लागि ऋमि (घ्यू दीप) बालेर कुलपितृलाई चोखो पानी, अक्षेता, पैसा, चोखो भात, चोखो तिउन, चोखो जाँड र फलफुल चढाई साल धूप बालेर सिल्दोनाल्दो देवी देवतालाई पूजा गर्छन् । राम्रो लुगा लगाई मीठो खानेकुरा बनाएर आफु र आफन्तहरुलाई खुवाउँछन् । आजभोली तमू ल्होसार सहरबजारमा भव्य समारोहका साथ सम्पन्न गरी राजनीतिक नेता, बुद्धिजीवि, समाजसेवीहरु समेतलाई निमन्त्रणा गरी राजनीतिक र सामाजिक चेतना जगाउने

काम समेत भएको देखिन्छ । ल्होसार पर्वले तमूहरुलाई वर्षभरिमा एक ठाउँमा भावनात्मक रुपमा उभिन समय प्रदान गरेको छ ।

यी विभिन्न जातजाति भाषा भाषीहरुले आफ्नो  धर्म संस्कृति लाई जीवनतता दिन विभिन्न समयमा आ-आफ्नो  चाड पर्वहरु मनाउने गर्दछन् । यस अन्तर्गत पश्चिमी नेपालका गुरुङ्ग समुदायमा मनाउन रोधी र घाटु नाच प्रचलित छ । त्यसैगरी दुरा जातिको चुड्का र सोरटी नाच प्रचलित छ । भने पल्लो किरात क्षेत्रमा बसोबास गर्ने लिम्बु जातिको धान नाचलाई लिन सकिन्छ । पुर्वी पहाडी क्षेत्रको राई जातिमा चण्डी पुर्णिमामा चण्डी र साकेला नाचलाई लिन सकिन्छ । त्यस्तै गरी नेपालको उत्तरी भेगतिर बसोबास गर्ने तामाङ्ग, गुरुङ्ग, शेर्पा जातिको पनि नयाँ बर्षको रुपमा ल्होसार पर्वको आफ्नै किसिमको मौलिक पहिचान रहेको पाइन्छ । भने तराईमा नाचिने मयुर नाच, झिझिया नाच साथै छट पर्व जसले तराई बासीहरुको जीवन गाथा झल्काई रहेको पाइन्छ । यसरी विभिन्न समुदायहरुका आ-आफ्नै नाच, ताड, पर्वहरु रहेजस्तै यी गुरुङ्ग जातिको पनि आफ्नै किसिमको धर्म, संस्कार, संस्कृति रहनसहन चाडपर्वहरु रहेका छन् । यी मध्ये एक प्रमुख चाडको रुपमा ल्होसार पर्वलाई लिन सकिन्छ ।

**५.२. ल्होसार पर्व मनाउने थालनी**

चन्द्रमास कृष्णशुक्ल प्रतिपदाका दिन सुर्य दक्षिणानायण बाट उत्तरायणतिर लाग्ने अथवा सुर्यको गतिसँग रात लामो र दिन छोटो हुने क्रममा अन्त भई रात छोटो र दिन लामो हुने क्रम शुरु दिन नै पुस १५ मा रहेको हुन्छ र पुस १५ लाई ल्होसार पर्वको रुपमा लिएको हो । मान्यता पश्चिमेली अथवा युरोप अमेरिकाको मत पाइन्छ (तमू, २०४७) ।

तिब्बेती ज्योतिषशास्त्रले सूर्योदय अथवा घाम झुल्के पछि नयाँ दिन र बार शुरु हुन्छ । भन्ने मान्यता राखेको छ । त्यसकारण पूस १५ गतेका दिन सुर्योदय अथवा घाम झुल्के पछि ल्हो अथवा वर्ग फेरिन्छ । जुन ल्हो १२ वटा जीवजन्तुहरुको नाममा आधारित ल्होसार भन्ने परम्परागत मान्यता छ । सोही अनुरुप यहाँका गुरुङ्ग जातिहरुले पनि सोही मान्यतालाई अपनाएका छन् ।

पौष शुक्ल प्रतिपदाका दिनलाई नै ल्होसार पर्व मान्ने आधारहरु के-के हुन् भन्ने प्रश्न गर्दा गुरुङ्ग समुदायका तमु बौद्ध समितीका लामा गुरुज्युले दिनु भएको उत्तरहरु यस प्रकारमा छन् ।

-ल्होसार पर्व गुरुङ्ग जातिको पौषकृष्ण शुक्ल प्रतिपदाको दिनदेखि शुरुवात हुन्छ । यही दिन देखी बसन्त ऋृतु पनि शुरु हुन्छ ।

- प्रायः यो ल्होसार पौष महिनामा पर्दछ र यो पौष महिनादेखि नयाँ वर्षको आगमन हुने र ल्हो फेरिन्छ, भन्ने गुरुङ्ग विश्वास छ ।

-गुरुङ्ग जातिले मान्ने ल्होसार तोला ल्होसारको दिन पर्दछ । जुन दिन 'ल्हो' वर्ग परिवर्तन हुन्छ ।

-सोनाम ल्होसार तामाङ, ग्याल्वो, शेर्पा जातिले मनाउदै आएको पाइन्छ ।

-यो ल्होसारलाई साँस्कृतिक पर्वका रुपमा राष्ट्रिय बिदाको रुपमा घोषित गरेको छ ।

-भौगोलिक र प्राकृतिक रुपमा नै समय फेरिने अवसर पारेर ल्होसार मनाउने परम्परा हो ।

भौगोलिक ग्रह, उपग्रह र नक्षत्रसँग सम्बद्व ल्होसार (नया वर्ष) हो । यो महिनाबाट प्राकृतिक रुपमा सुर्य उत्तर दिशाातिर फर्कने हुदाँ यसलाई नयाँ वर्ष फेरेको वा नयाँ साल लागेको मानिन्छ । इश्वी सम्बतमा घाम उत्तरतिर फर्किने समय भनी किटानसाथ तोकेको पाइन्छ । जस अनुसार हरेक सालको पुस १५ गते तदनुसार डिसेम्बर ३० तारिखमा तोला ल्होसार लागेको प्रायः जसो क्यालेन्डर लेखेको देखिन्छ ।

**५.३. ल्होसार पर्वको पुर्व तयारी :-**

गुरुङ्ग समुदायमा ऋृण लिने र चुक्ता गर्ने ल्होसार पर्वको रुपमा लिने प्रचलन पाइन्छ । त्यसैले आर्थिक कारोबार लेनदेन मिलाउने, पुरानो ऋृण, सापटी तिरेर उन्मुख वातावरणमा नयाँ स्वागत गर्न जुटेका हुन्छन् । ल्हो हेरेर लेनदेन मिलाउने गर्दछन् । उक्त दिनमा गुम्बामा गएर बत्ती बाल्ने र खादा चढाउने गर्दछन् ।

ल्होसार पर्व कसरी मनाउनु हुन्छ भन्ने शोधकर्ताको प्रश्नको उत्तरमा गुरुङ्ग समुदायका तमु बौद्व समितीका सचिव पृर्थीमान ज्युले निम्न कुराहरु राख्नु भएको थियो ।

ल्होसार पर्व शुरु हुनु अगावै ल्होसारको तयारी हुन्छ । नयाँ वर्षको स्वागतको लागि गाँउको आगन, बाटो, घासे, कुवाँ, पधेरो, पार्टी, पौवा, चौतारो, घर आगन, कोठा आदि मर्मत सफा गर्ने गरिन्छ । त्यस्तै गरी सामुहिक रुपमा गुम्बा वरिपरि सरसफाई गर्ने, रङ्गीचङ्गी कागजहरुले सजिसजाउ गर्ने गरिन्छ । प्रत्येकको घरमा बत्ती बाल्ने गरिन्छ । नयाँ कपडा, खाद्यान्न, तरुल, कन्दमुल, फलफुल, माछा मासु, आदि किनेर ल्याउने चलन छ ।

**५.३.१.लुड्ढर लगाउने**

लुड्ढर प्राय सबै गुरुङ्ग जातिको घरमा लगाउने गरिन्छ । लुड्ढर भनेको बुद्वधर्मका मुल मन्त्रहरु छापिएका पाँच रगी कपडालाई जनाउँदछ । जसले गुरुङ्ग जातिको पहिचान बनाएको हुन्छ । नयाँ ल्होको आगमनले समस्त जगतकै प्राणिहरुको रक्षा एवं कल्याण गरुन भनी मंगलमय कामना, सुख शान्तिको प्रतिकको रुपमा घर, गुम्बामा लुड्ढर लगाउने गर्दछ । लुडढर प्राय पौष १४ गते लगाउदछन् । लुड्ढरमा

लामाहरुले ल्हो अनुसार सन्तु छपाएको हुन्छ । गुम्बाबाट लुड्ढर लगाएर १४ गतेका दिन बिहानै हात खुट्टा सफा गरी लुडढरमा नौ थरीका बीउको पोका बनाई खादा बाधिन्छ, साथै लुङढरको तल्लो भागमा घीउमा टोटलाको फुल टसाइन्छ र अम्रिसोको कुचो ठाडो पारेर लुडढरमा बाधिन्छ र घरको ढलानमा लगाइन्छ । लामा भएको खण्डमा लामाले नै मन्त्र गरी लगाईदिन्छ नभएमा घरको मुलीले नै धुपबत्ती गरेर लगाउने गर्दछने । पुजाआजा सकेपछि ढोग खादा उपहार दिई सुख शान्तिको कामना गर्दछ । त्यस बर्ष घरको कोही सदस्यको मृत्यु भएमा घरमा लुडढर लगाउँदैनन् । तर मृतक व्यक्तिको अर्धु गरिसकेपछि भने सेतो कपडामा मृत्यु भएको व्यक्तिको नाममा भने लुडढर कसैले घरमा नै लामा बोलाएर १०८ बत्ती बाल्ने र मृतक आत्माको शान्ति मिलोस भनी कामना गर्दछन् भने कसैले गुम्बामा गएर बत्ती लुडढर गाड्ने चलन छ । लुड्ढर शान्तिको प्रतिक मान्नुका साथै हावाको झोकामा फरफराउँदा ग्रहदशा उठाएर लैजान्छ र सधैंभरी सुखशान्ति छाइरहन्छ  भन्ने विश्वास गरिन्छ ।

गुम्बाका लामा गुरुङ्गसँग राय बुझ्दाः सुख, शान्ति, प्रगति तथा मुक्तिको लागि गुम्बा घरमा लुड्ढर लगाइन्छ । यस पर्वमा लामाहरुले मन्त्रोच्चरण गरी बाजागाजाको साथ लुड्ढर लगाइन्छ । लुड्ढर भनेको बुद्वधर्मका मुल मन्त्रहरु छापिएका पाँच रगी कपडालाई जनाउँदछ । ५ रंग ५ प्राकृतिक उर्जासँगै सम्बन्धित शक्ति हुन् । भुमि, अग्नि, वायु, र आकाश ।

-सेतो रगं  - जल शक्ति

- पहेलो रंग - भुमि शक्ति

-रातो रंग  - अग्नि शक्ति

-हरियो रंग - वायु शक्ति

-निलो रंग  - आकाश प्राण शक्ति

यसरी घर आगनमा लुड्ढर टाँगेमा घर परिवारको रक्षा हुने गाउँ घरमा भुतप्रेत पिचासले छुदैन, आयु लामो हुन्छ, सम्पती बढ्छ र धर्म लाभ हुन्छ, भन्ने धर्मशास्त्रको मत रही आएको छ । लुडढर गुरुङ्ग  जातिले लुडढरमा अम्रिसो कुचो लगाएकोले अलागै यो गुरुङ्ग जातिको घर हो भनी पहिचान दिएको पनि छ ।

## ५.४. ल्होसार पर्व मनाउने तरीका

ल्होसार पर्व पौष १५ गते सामुहिक रुपमा गुम्बामा मनाउने र सबैजना एक आपसमा नयाँ वर्षको शुभकामना आर्शिवाद दिने गर्दछन् । त्यसभन्दा २३ दिन अगाडी देखि नै घर सरसफाई गरेर सम्पुर्ण काम सकेर

भोज भतेर खाने चलन पाइन्छ । विशेषगरी ठुला बडाहरुले चेलीबेटीहरुलाई बोलाई भोज खुवाउने आर्शिवाद दिने गर्दछन् ।

आफ्ना नाता सम्बन्ध नातेदार साथ पाहुनाहरुलाई स्वागत गर्ने र शुभकामना व्यक्त गर्दछन् । त्यस्तै गरी आफुले मान्नु पर्ने मान्यजन कहाँ गई परिवारमा विशेष गरी माछा मासु र सेल रोटी हुने गर्दछन् ।
ल्होसार पर्व पौष १५ गतेको दिन यहाँको गुरुङ्ग समुदायको तमु बौद्ध  समीतिको सचिव पृर्थिमान गुरुङ्गज्युको अनुसारः ल्होसार पर्व पौष १५ गतेको दिन सम्पुर्ण गुरुङ्ग जातिहरु आफ्नो  जातिय पोशाक लगाएर आउदछन् । यस दिनमा गरिने कार्यक्रमहरुको सुची पत्रमा बिहान पुजा गर्ने समयदेखि दिनभरीमा के-के कार्यक्रमहरु गरिन्छ । सोबारे जानकारीको कार्ड अगाडी नै प्रत्येकको घरमा पठाइएको हुन्छ । जुन व्यवस्थापन समितिको कार्यकर्ताले गरेको हुन्छ जसमा,
-पुजा समय-ग्रह, दशा फाल्ने समय, -बत्ती बाल्ने समय, -प्रसाद ग्रहण समय, -अतिथी  -मन्तव्य कार्यक्रम समय , -खाना समय,

अतिथीहरुलाई पनि स्वागत र शुभकामना दिने गर्दछन्,

साथै खेलकुद कार्यक्रम राखी मनोरञ्जन दिलाउने गर्दछन् । सोही बमोजिम समय अनुसार नै गुरुङ्ग जातिहरु सामुहिक भेला हुने, ग्रहदशा फाल्ने सुख-शान्ति होस र आफ्नो  पुर्खाहरुको नाममा बत्ती बाल्ने, एक आपसमा नयाँ बर्षको शुभकामना आदानप्रदान गर्ने, एक आपसी सदभावको भावना व्यक्त गर्ने लामा गुरुबाट आर्शिवाद लिने आदी नाच गान गर्ने र भोज खाने गदछन् । यी कामहरुमा यस समितीको आमा समुह, युवा समुहले सहयोग गरिरहेका हुन्छन् । ल्होसार पर्वको अवसरमा कसैले यही पौष १५ गते १ दिन, कसैले २/३ दिनसम्म आफन्त, पाहुनाहरुलाई स्वागत गर्ने मान्यजन, इष्टमित्रहरुको घर जाने भोज खाने कार्य गरिन्छ । ५० जना उत्तरदाताहरुसँग ल्होसार पर्व कति दिन मनाउनु हुन्छ भन्ने राय बुझ्दा :

तालिका नं. ९

| ल्होछार मनाउने दिन | संख्या | प्रतिशत |
|---|---|---|
| १ दिन (जुन पौष १५) | ३४ | ६८ |
| २ दिन | ९ | १८ |
| ३ दिन | ७ | १४ |
| जम्मा | ५० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

तालिका नं. ९ अनुसार, स्थलगत अध्ययन अनुसार यस ढापुक गा.वि.स. का गुरुङ्ग समुदायमा ६८ प्रतिशतले १ दिन (जुन पौष १५ गते), १८ प्रतिशतले ९ दिन र ३ दिन १४ प्रतिशतले ल्होछार पर्व मनाउने गरेको पाइयो । यसको मुल कारण गुरुङ्ग जातिले आफ्नो संस्कृतिको जगेर्ना गर्नुपर्छ, जातिय पहिचान खोज्नु पर्दछ र गुम्बामा नै सम्पुर्ण गुरुङ्ग जाति सामुहिक भेलालाई एक-आपसमा जातिय एकता कायम गर्नका लागि सबै एक जुट भई हातेमालो गरी ल्होछार पर्व मनाउनु पर्छ भन्ने पाइयो ।

# अध्याय छ

## ल्होछार पर्वले गुरुङ्ग जातिमा स्थापित गरेको जातिय पहिचानको महत्व

गुरुङ्ग जातिले आफ्नो भाषा, धर्म ,संस्कृति, विविधतालई बचाउँनका लागि आफ्नो जातिय हक, हितको मापदण्डहरु उठाइरहेका छन् । तमु, छों, धी, तमु बौद्ध समिती, तमु लोकतान्त्रिक जस्ता संघ संस्थाहरुलाई गुरुङ्ग समुदायले सांस्कृतिक पुर्नजागरणको बाटोमा हिड्नु पर्ने प्रावधानको मूल्य, मान्यता राखेको छ । साथै ल्होछार पर्वलाई आ-आफ्नो दक्षता अनुसार मनाई विश्व सामू बुद्धको शान्ति सन्देश फैलाउनु छ ।

### ६.१ धर्म, संस्कृतिको परम्परा

एउटा राष्ट्रले आफ्नो राष्ट्रियता र स्वाभिमानलाई माथि उठाउनका लागि आफ्ना सांस्कृतिक विशिष्ठतालाई संरक्षण एवम् सर्म्बधन गर्नुपर्छ । विविधतायुक्त जीवनशैली, धरातलीय मौलिकता र सामाजिक, आर्थिक, जीवनका सुक्ष्मतम् स्वरुपहरु हाम्रा चाडपर्वहरुमा प्रतिबिम्बित भएका हुन् । जुन विविधतामा एकता, सद्भाव र सहिष्णुता हाम्रो परिचय भएको छ ।

तमू समूदायको धर्म र संस्कृतिलाई गुरुङ्ग भाषामा प्ये ताँ ल्हु ताँ भन्दछन् । यसको अर्थ गुरुङ्ग इतिहास र संस्कृतिको नालीबेली हो । तमू समाज साँस्कृतिक रुपमा सम्पन्न छ । तमू जातिले धार्मिक विश्वास अनुरुप पहिले प्राकृतिक विषयवस्तु जस्तै : नदी-नाला, डाँडा-काँडा, ठूलो रुख, ठूलो ढुङ्गा, पानीको छहरा आदीलाई पूजा गर्छन् । भौतिक वस्तुहरु पञ्चतत्व( आकाश, धर्ती, आगो, वायु र पानी ) को समिश्रणले बनेको ठान्दछन् भन्ने सूर्य, चन्द्र, तारा, नौ ग्रहहरुलाई पूजा गर्दछन् । दोस्रो आफ्नो कुलपितृ अथवा आफ्नो दिवङ्गत पिता पूर्खाहरुलाई, खेमाको रुपमा पूजा गर्दछन् । तेस्रो सिल्दोनाल्दो स्थानीय देवीदेवता र सिमेभूमिलाई पूजा गर्दछन् । तमू जातिको आफ्नो भाषा, संस्कृति, भेषभुषा सामाजिक व्यवहार र सम्बन्धहरु आफ्नै किसिमका छन् ।

नेपालमा विभिन्न जनजातिमा आफ्नो जातिय संस्कृति पुनर्जागरण भएको पाइन्छ । यहिँ साँस्कृतिक पुनजार्गरण स्वरुप गुरुङ्ग जातिले ल्होछार पर्व मान्न थाले । धार्मिक एवं जातिय परम्परा अनुरुप सामुहिक रुपमा पर्व मनाउने गरिन्छ ।

### ६.२. सामाजिक सांस्कृतिक संस्कार

तमू ल्होसारको साँस्कृतिक पक्ष महत्वपूर्ण रहेको छ । साधारणतया सँस्कृति भन्नाले मानिसको जन्म देखि मृत्युसम्मका सम्पूर्ण मानवीय क्रियाकलाप पर्दछन् । सँस्कृतिले जातिको मौलिक पहिचान दिन्छ । गुरुङ्ग

जातिको युगौ देखि आफ्नौ किसिमका संस्कृति, संस्कार छ । आफ्नै प्रकारका सामाजिक परम्परा छ । साथै आफ्नै प्रकारका पुरोहित लामा, पच्यु, क्यब्री छन् । सामान्यतया लामालाई गाउँ कै लामा भन्निछ (पिग्नेड, १९९६) । जन्मेदेखि मृत्युसम्म का खुट्किलाहरुमा मानव जीवनलाई व्यवस्थित र सार्थक बनाउन थुप्रै शुद्धिकरणका कामहरु पूरा गनुपर्ने हुन्छ । हिन्दूहरुले जन्मदेखि मृत्युसम्म १६ संस्कारहरुको वर्णन गरेको पाइन्छ यसलाई मानवशास्त्री Arnold Van Gennep ले आफ्नै पुस्तकमा  जन्म, पवित्रता, विवाह र मृत्यु सबै संस्कृतिमा विभिन्न उत्सबका रुपमा रहन्छ । गुरुङ्ग समूदायले आफ्नो साँस्कृतिक परम्परा अनुसार विभिन्न संस्कारहरु पालना गर्दछन् जुन जन्मदेखि मृत्युसम्म भएको पाईन्छ ।

झाँक्रीलाई गुरुङ्ग भाषामा पच्यु भनिन्छ । जसले स्थानिय जडीबुटीको प्रयोग गरेर रोग निको पार्ने गर्दछ । तर पश्चिमका समुदायमा गरिने संस्कारहरु जस्तैः न्वारान, पास्नी, छेवर, विवाह, अन्त्येष्टि, अर्घु आदी ।

### ६.२.१. जन्म संस्कार (फ्हसें प्वि)

जन्म संस्कार जीवनको पहिलो संस्कार तथा खुड्किलो हो । यस अघि गर्भधारण हुने कुरा महत्वपूर्ण हुन्छ । सुत्केरी व्यथा लागेपछि नै गर्भाधारण बारे राम्रो ज्ञान एवम् अनुभव भएको महिलालाई बोलाई उनकै रेखदेखमा शिशु जन्माउने कार्य सम्पन्न गरिन्छ । शिशुको जन्म भएको छैठौं दिनमा छैठी मनाउने चलन गुरुङ्ग समूदायमा पनि प्रचलित छ । उक्त साँझ फलफुल, धूप, बत्तिले पितृ र देवी देवताको पूजा गर्दै नवजात शिशुको सु-स्वास्थ्य र दिर्घायुको कामना गर्दै रातभर युवायुवती नाचगान गरी रात बिताउँछन् । नवजात शिशु छोरा भए नवौं दिन र छोरी भए सातौं दिनमा नुवाई धुवाई र नाम जुराउने काम सम्पन्न गरिन्छ । बच्चालाई घाममा राखी घिउ-तेल लगाउने दिनको शुरुवात हुन्छ । शिशु न्वारन नगरेसम्म परिवार चोखिएको मानिदैनन् ।

### ६.२.२. भात खुवाई (कैं कोवा)

नवजात शिशु छोरा भए ६ महिना र छोरी भए ५ महिनामा अन्नप्राशन अर्थात भात खुवाउने संस्कार मनाउने चलन गुरुङ्ग समूदायमा व्यापक छ । अन्नप्राशनमा दूध, घिउ, दही, खीर जस्ता विभिन्न मीठा मीठा परिकार बनाउने, नयाँ कपडा लगाउने र भात खुवाउने गरिन्छ । अन्नप्राशनमा पच्युगुरुहरुसँग कुन वर्ग भएको बालकले खुवाउने र कुनकुन दिशातर्फ बसेर खुवाउने भन्ने विषयमा हेराईन्छ । यस्तो शुभ अवसरमा इष्टमित्र र छिमेकीहरु एकै ठाउँमा भेला भई यो संस्कार मनाउने चलन छ ।

### ६.२.३. क्षेवर (क्र वाव)

क्षेवर संस्कार बालक ३, ५, ७, ९ अथवा ११ वर्ष युग पश्चात कुनै शुभ दिन हेरेर सम्पन्न गरिन्छ । यस कार्यमा मामाको भूमिका रहन्छ । मामा आएर बालक अर्थात भान्जालाई गाई गोठमा लगेर कपाल खौरी कार्य सम्पन्न गरिन्छ । बालकको कपाल भूईमा खस्न दिनु हुँदैन भन्ने विश्वास अनुसार टपरीमा पानी राखी पँधेरो वा चोखो ठाउँमा फ्याँक्ने चलन छ । कपाल खौरिने कार्य पूरा भएपछि मामाले भान्जालाई उपहार दिने चलन छ । क्षेवर संस्कार गरेपछि भने बालक आफ्नो परिवार र समूदायको पूजामा सहभागी हुन योग्य हुन्छ । छोरीलाई शुभ दिनमा नयाँ कपडा लगाई दिने गरिन्छ । क्षेवर कार्य सकिएपछि खानपिन गर्ने चलन छ ।

### ६.२.४. विवाह (ङे क्रव)

नेपालका अन्य जात र जातिमा जस्तै गुरुङ्ग समूदाय, गुरुङ्ग जातिका लागि विवाह जीवनमा एक महत्वपूर्ण संस्कार हो । छोरा वा छोरीको उमेर पुगेपछि आमावुवा र परिवारका सदस्यहरुले विवाहको चासो राख्नु स्वभाविकै हो ।

परम्परागत रुपमा गुरुङ्ग जातिमा मामाको छोरी र फुपूको छोरासँग विवाह गर्ने चलन छ । यसको अर्थ आफ्नो पुरानो नाता अझ मजबुत भएको ठान्ने र आफ्नो सम्पत्ति बाहिर कतै जाँदैन र बुढेसकालमा आफ्नो नाताभित्रकाले बढी माया दिने र हेरचाह पाइन्छ भन्ने मानसिकता र मनस्थिति हो । गुरुङ्ग समूदायमा थुप्रै थर उपथरमा विभाजित छन् । एउटै थर भन्नु रक्त नाता भएकाले थर बाहिर मात्र विवाह हुन्छ । विवाहको लागि केटाको परिवारबाट मध्यस्थकर्ताले अनौपचारिक ढङ्गले कुरा पुऱ्याउने र जवाफ ल्याउने काम केहीबेर चलिरहन्छ । यो कार्य कल्ले⁄ लेदीले गर्छन् । केटीका परिवारबाट स्वीकृतिको संकेत पाएपछि केटाका तर्फबाट बुढापाका खासगरी बेलुकीपख कसैले थाहा नपाउने गरी रक्सीको पूङ ( एक किसिमको बोतल ) लिएर केटीको घरमा पुग्छन् । केटीको आमाबाबुले स्वीकृति जनाए भने पुङ समात्ने र आफ्ना दाजु भाईलाई समेत छोरी दिएको अनुमति लिने जानकारी दिने र भाइखलक समेत भएर पुङ खाने काम गर्दछन् । कतिपय उत्तरदाताहरुको अनुसार केटाका तर्फबाट बुढापाका भलादमीहरु गुरुङ्ग समूदायको प्रचलन अनुसार रोटी, रक्सी जस्ता कोशेली लिएर केटीको घरमा पुगी केटीको गोत्र केटाकोमा सरेको घोषणा सम्पन्न गर्दछन् । र यसबेला साइपाटा लगाउँछन् । दुलही लिन जाँदा दुलाहाको आमाले छोरालाई पिर्कामाथि उभिएर मुजेत्रोले छोपी दूध पिलाउने चलन छ । हुनेवाला दुलहीको वा बेहुलीको घर कम्पाउण्ड प्रवेश हुनु साथै फूल, अक्षता वर्षाएर धुमधाम स्वागत गर्ने चलन छ । दुलहीको घरमा जन्तीलाई खानपिन गरी नाचगान र मनोरञ्जन गर्ने कार्यको लागि व्यवस्था इष्टमित्रहरुले मिलाउँछन् । दुलहीका साथमा साथीहरु पनि आउने चलन छ ।

घरमा नयाँ दुलही लक्ष्मीको रुपमा प्रवेश गरेको जनविश्वास गुरुङ्ग गाउँहरुमा सुन्न पाईन्छ । यही क्रममा बेहुला-बेलुहीलाई घरभित्र लगेर एउटै गलैंचामा राखेर दुलाहाका आमाबाबु, बाजेबज्यै, काकाकाकी र क्रमशः गाउँलेहरुलाई टिका लगाई आशिर्वादका साथै उपहार दिने चलन छ । भोज सकेपछि युवायुवती र आमा समूहहरु नाचगान गरी रमाइलो गर्छन र विवाहको अन्त्य हुन्छ । विवाह विभिन्न तरीकाले मनाउने चलन हुनछ । यो मागी विवाह व्यवस्थित र बोझिलो हुन्छ ।

### ६.२.५. मृत्यु संस्कार (सिम्हि त्हें )

जीवनम घट्ने विभिन्न घटनाहरु मध्ये एउटै मात्र निश्चित घटना मृत्यु हो । मृत्यु अवश्यम्भवी भए पनि कहिले र कसरी मृत्यु हुन्छ सुनिश्चित छैन् । मृत्युबाट कुनै पनि प्राणी जगत मुक्त छैन् । मृत्यु प्राकृतिक काल चक्र हो । जीवन चक्रको अभिन्न भवचक्र हो । मृत्यु संस्कार खास गरी दुई चरणमा उल्लेख गर्न सकिन्छ जुन निम्न अनुसार छन ।

#### ६.२.५.१ मृत शरीर सतगत गर्ने (न्हो वावा)

गुरुङ्ग समूदायको मृत्यु संस्कार दुई चरणमा सम्पन्न गरिन्छ । पहिलो चरणमा भौतिक शरीरको विर्सजन गर्ने संस्कार गरिन्छ । यी संस्कारहरु आफ्नै समूदायको गुरु पुरोहित, पच्यु, क्ल्हेबृ, वोनलम र पैडीद्वारा गरिन्छ । पच्यु र क्ल्हेबृले गर्ने कार्म काण्ड तमूका परम्परागत किसिमका हुन्छन् भने लामाहरुले गर्ने कर्म काण्डमा तिब्बती लामाहरुको प्रभाव देखिन्छ । गुरुङ्गको मृत्यु संस्कारमा अनिवार्य जुट्नु पर्ने नाता गोताहरु परिवार, दाजुभाई, मावली, ज्वाँइ छोरीहरु, पुरोहितहरु अनिवार्य हुन्छन् । मृतकको भौतिक शरीरलाई विसर्जन गर्ने कार्यलाई तमू भाषामा न्हो वावाः भनिन्छ । यसको अर्थ लाश सतगत गर्नु हो । लाश सतगत गर्ने  तमू समूदायको आफ्नै मौलिक परम्परा र विशेषता छन् ।

#### ६.२.५.२ अर्धु गर्ने (पय लव)

अर्धु गुरुङ्ग समूदायको मृत्युपछि गरिने दोस्रो चरणको महत्वपूर्ण सांस्कृतिक र धार्मिक परम्परा हो । यस संस्कारलाई पय लव भन्दछ । यसको अर्थ मृतात्मालाई प्रेतात्माबाट मुक्त गरेर खेमा (मातृपितृ) सँग लीन गराउनु हो भन्ने पच्यु, क्ल्हेबृ र वोनलमको भनाई रहेको छ ।  अर्धु नगरेसम्म मृतात्माले सुख-शान्ति प्राप्त गर्न सक्दैन भन्ने तमू समूदायको विश्वास हो । अर्धु दुई किसिमको हुन्छ १) न्हो पयः- मृतकको भौतिक शरीरलाई सतगत गरेकै दिनदेखि शुरु गरिने र २) च्ह्यु पयः- मृत्यु भएको केही दिन, महिना, वर्ष र धेरै वर्षपछि गरिने पय । अर्धु गर्दा ठूलो खर्च र विभिन्न सामाग्री लगायत आफ्तहरु जुटाउनु पर्ने भएकोले हुने  र सक्नेले मात्र गर्छन । प्रायः जसो तमूहरले च्ह्यु पय गर्ने गर्छन् । तर न्हो पय बाहेक च्ह्यु पय जोर महिना वा

जोर वर्षमा गर्नु हुँदैन भन्ने विश्वास कायमै छ । कसैले धेरै वर्षपछि पनि गर्छन् । तर  जोर वर्षमा गर्नु हुँदैन । आफ्ना आमाबाबुको पय(अर्धु) गनुपर्छ भन्ने केही छैन तापनि मरेपछि पय गर्न अनिवार्य छ । अर्धु गर्न परिवार र दाजुभाईसँग सरसल्लाह गरिन्छ भने मावली, गुरु पुरोहितहरुलाई निमन्त्रणा गरिन्छ ।  ज्वाँई, छोरी, चेलीबेटी इष्टमित्र र छरछिमेकीलाइ्र अर्धुको सूचना गरिन्छ । पयको निमन्त्रणा अथवा सूचना पाएपछि पयको दिन अनिवार्य उपस्थिती र आफुले सकेको सहयोग गर्नुपर्ने सरोकारवालाहरुको कर्तव्य हुन्छ । यो एउटा सामाजिक सम्बन्धको प्रक्रिया हो ।

सबै संस्कारहरु लामा गुरुले नै गर्दछ । यहाँका गुरुङ्ग समुदायको समाजमा बच्चा जन्मेपछि न्वारन छोरा भए ९ दिन, छोरी भए ७ दिनमा 'ल्हो' हेरेर लामा विधि अनुसार नामाकरण गरिदिन्छ । त्यस्तै गरी पास्नी, छेवर, विवाह, कसैको मृत्यु भएमा त्यस व्यक्तिको अन्त्येष्टि, अर्घु, आदि कार्य पनि लामा गुरुले लामा विधि अनुसार नै गर्दछ । जन्मदेखि मृत्युपर्यन्त सबै किसिमका शुभ-अशुभ कार्यहरु सम्पन्न गर्नका लागि हेर्ने मुल आधार नै ल्हो भएको हुनाले ल्हो को तमु संस्कृतिमा अत्यन्त महत्वपुर्ण स्थान रहेको छ । गुरुङ्ग समुदायका आमा बुबाहरु ल्हो गन्दै उमेर पत्ता लगाउनुहुन्छ । यो वर्ष कुन 'ल्हो' लागेको छ आउने वर्ष कुन 'ल्हो' हो सबै गनेर थाहा पाउँछ साथै को, कती बर्षले सानो, ठुलो पत्ता लगाउने चलन छ । ल्हो पुस महिनामा फेरिन्छ ।

५० उत्तरदाताहरुसँगै ल्हो अनुसार नामाकरण गर्ने प्रश्नको उत्तरमा

**तालिका नं. १०**

**उत्तरदाताको नामाकरण**

| नामाकरण | संख्या | प्रतिशत |
|---|---|---|
| ल्हो अनुसार नामाकरण | ३५ | ७० |
| हिन्दु संस्कार अनुसार नामाकरण | १५ | ३० |
| जम्मा | ५० | १०० |

स्थलगत अध्ययन अनुसार २०७२,

तालिका नं. १० अनुसार, स्थलगत अध्ययन अनुसार, ३५ जनाको नामाकरण लामा विधि अनुसार राखेको पाइयो तर वर्तमान परिवेशमा भने न्वारानको नाम ल्हो अनुसार भएपनि बोलाउने नाम छुट्टै भएको पाइयो । १५ जना जतिको न्वारन चाही हिन्दु संस्कार अनुसार गरेको पाइयो (गुरुङ्ग, २०७२) ।

### ६.३ समुहिक हित र प्रकृति पूजा

गुरुङ्ग जातिले हाल आएर बुद्ध धर्मको अनुयायी भएतापनि प्रकृति पुजा गर्दछन् ।

जस्तोः

#### ६.३.१. सिल्दोनाल्दो पूजा

गुरुङ्ग जातिले यो सिल्दोनाल्दो पूजा चैत्र, जेठ, असोज र कार्तिक शुक्ल पक्षमा पूजारीद्धारा गराइन्छ । जुन गाँउको सबैजना सुरक्षित होस् अन्न पातको सुरक्षा होस् भन्ने मनसाय हुन्छ ।

#### ६.३.२.रहोटे पूजा (गाउँ पूजा)

यो पूजा चैत्र महिनामा गाउँवस्तीको अमंगललाई लखेट्न भनी तिनदिन सम्म पूजा गरिन्छ । यो प्राय गरी पश्चिमी धान्दुक, स्याङ्जा का गुरुङ्गहरुले मनाउने गर्दछ । यसबेला रहोटे खेल्ने युवाहरुले बाजा-गाजा कानै खाने गरी जोड्ले बजाउँदै दौड्ने गर्दछ । अन्तिम दिन प्रत्येक घरवाट चामल र पैसा उठाएर भोज खाने व्यवस्था गर्छ ।

### ६.४ चाडपर्व

गुरुङ्गहरु संस्कृतिका पूजक हुन । आफ्नो कुलपितृ पुज्ने, स्थानीय देवीदेवतालाई मान्ने ब्रमाण्डमा कुनै अदृष्य शक्ति छ भनी ईश्वरमाथि आस्था विश्वास राख्छन् । जनजाति भएको हुनाले उनीहरुको सांस्कृतिक चाडवाडहरु पनि सोही अनुरुप देखिन्छन् । तमू चाडवाड विशेष गरेर ल्होसार, बैशाख पूर्णिमामा गरिने कुलपितृ पूजा, जेष्ठ महिनामा गरिने गोठपूजा, सिल्दो पूजा, नमरु पूजा, साउने संक्रान्ति रोधी, दशैंतिहार, घाटु नाच आदी मनाउने गर्दछन् ।

#### ६.४.१. दशै, तिहार

गुरुङ्ग जातिमा आफ्नो संस्कृतिको खोज, अनुसन्धान तथा जर्गेना गर्ने चेतनाको वृद्धि भएपछि आफ्नो  मौलिक चाड ल्होछार पर्व ठानी भब्यताको साथ मनाउन थालेको पाइन्छ । हाम्रो जातिले मान्नु पर्ने चाड ल्होछार पर्व हो  भनी यस ढापुक गा.वि.स. का गुरुङ्ग, समुदायले दशै मनाउन छाड्दै आएका छन् । भने कसै-कसैले भने दुर्गा भवानीको टीका भनेर तमु संस्कार अनुसार पहेलो टीका लगाएका पनि छन् । तिहार चाड भने गुरुङ्ग समुदायले मनाउँदछन् । काग पूजा, कुकुर पूजा, लक्ष्मी पूजा, भैलो, देउसी खेली रमाइलो गर्दछन् । भाइटिका दाजुभाइले दिदी बहिनीको हातबाट लगाउँछन् र दाजुभाइले आर्शिवाद स्वरुप दान दक्षिणा दिने गर्दछ । गुरुङ्ग समुदायमा विशेष गरी दिदीबहिनीलाई आदर र सम्मान गर्ने भएकोले परम्परा स्वरुप मान्दै आएका छन्

### ६.४.२ बैशाख पूर्णिमा

बैशाख पूर्णिमा नै भगवान् बुद्धको जन्म भएकाले र बुद्धत्व ज्ञान प्राप्त गरेको भएकोले गर्दा गुरुङ्ग समुदायमा धाटु नाचको अन्त्य पनि यही बैशाख पुर्णिमा गर्ने भएकोले महत्वपुर्ण रही आएको छ । यसै दिनमा यहाँका गुरुङ्ग बासीहरु सामूहिक रुपमा आफ्नो  जातिय पोशाक लगाएर तमू बौद्ध समिती (गुम्बा) मा भेला हुने गर्दछन् । बुद्धको पूजा गरी बत्ती बालेर, सबै जनाले वुद्ध धर्म ग्रन्थ वेदलाई शीरमा राखेर ढापुक गा.वि.स. परिक्रममा गर्दै सबैलाई सुख शान्ति छाओस् भनी शुभकामना गर्दछ । साथै यसरी वेदलाई शीरमा राखेर परिक्रमा गर्दा आफुले गरेको पापमुक्त हुन्छ भन्ने विश्वास रहेको पाइन्छ ।

### ६.४.३. रोधी :-

गुरुङ्ग भौतिक पहिचान भएको रोधी गुरुङ्ग संस्कृति कै धरोधर हो । रोधी एउटा संगठन हो, जसले युवक, युवती बिच मेलमिलाप, सामूहिक सहयोग एवम् सहिष्णुताको भावना सृजना गर्दछ भने आफुले जानेको सिप, ज्ञान, कला आदानप्रदान गर्ने गर्दछ । तमु युवायुवतीहरुको सामाजिक मनोवैज्ञानिक संवेगात्मक शारिरीक तथा सांस्कृतिक पनको विकास गर्ने विद्यालयको रुपमा रोधीको स्थापना भएको थियो । यस्तो राम्रो थलोमा केही नकारात्मक टिप्पणीले लोभोन्मुख अवस्थामा पुगे पनि हिजोआज यसको महत्व बुझेर गुरुङ्ग समुदायमा पुनजीर्वित बनाइदै गएको छ र यसको संरक्षण गर्ने कार्य गरेको पाइन्छ ।

### ६.४.४ घाटुनाच

गुरुङ्ग समाजमा प्रचलित एक ऐतिहासिक भावनृत्य हो । यो माघ महिनाको पञ्चमीमा मनाइन्छ । १२ वर्षका कन्या कुमारीहरुलाई घाटुनी बनाएर नचाइन्छ । यो हाल प्राय गरी लमजुङ्ग परम्परा विधि अनुसार मनाएको पाइन्छ । पहिले पश्चिमी धान्द्रुकमा मनाइन्थ्यो । यो घाटु परशुराम राजाको कथामा आधारित भएको पाइन्छ । जसमा राजारानीको बाल्यकाल, यौवनावस्था, विवाहका कुरालाई भावरुपले कुशलतापुर्वक वर्णन गरिएको पाइन्छ । यहाँ गुरुङ्ग समुदायमा सांस्कृतिक कार्यक्रमहरु हुदाँ आफ्नो  सांस्कृतिक नाचको रुपमा प्रस्तुत गर्दछ तर यो नाच अन्य नाच भन्दा भिन्दै प्रकारको कठिन, राग  ताल ढिलो भएकोले नाच पनि ढिलै हुन्छ । घाटु नृत्य नाटिकाको कथा वस्तु, घाटुनिहरुको भेषभुषा र यसको गीतमा प्रयुक्त भाषाले १६ औ शताब्दीको प्रथम पूर्वाद्धताकालको नेपाली इतिहास, संस्कृति र भाषा माथि प्रकाश पार्दछ र राष्ट्रिय संस्कृतिलाई उज्जवल पारेको छ (गुरुङ्ग, २०६२) ।

### ६.४.५. सोरठी नृत्य

सोरठी नृत्य तमूवान क्षेत्रमा बसोबास गर्ने मुख्य जनजाति गुरुङ्ग मगर र दुरा जातिमा प्रचलित विभिन्न लोक नृत्यहरु मध्ये एउटा हो । सोरठी नाच गुरुङ्ग र मगर बस्तीहरुमा विभिन्न उत्सव चाडवाड, अवसर र हर्षबढाईमा नचाइन्छ । यो नृत्य साउने संक्रान्तिमा  अथवा नाग पञ्चमीबाट शुरु भएर मात्र फाल्गुनमा श्रीपञ्चमीमा सरस्वती पूजा गरी विसर्जन अडकलवाजी गरेको भेट्टिन्छ । कसैले सौराष्ट्र अथवा सोरठ भारतबाट नेपालमा आयातित नाच हुनाले सोरठी भएको हो भनेका छन् ।

सोरठी नाचको विभिन्न पर्यायवाची नामहरु पनि भेट्टिन्छन् । सोरठीलाई स्याङ्गजा र तनहुँमा “नचरी ” पाल्पामा “ नाँचन्या / करङनाच ”, गोरखामा पाङदुरे नाच र केही ठाउँमा मादलेनाच पनि भन्ने गर्छन् । केशरजङ्ग बराल लेख्नुहुन्छ “ सोरठी नाचको सो ताल र सोहाङ्गणा भएकाले सोरठी भनिएको हो ।” यो सोह्र सिँगार र सोह्र, संस्कारसँग सम्बन्ध राख्ने नाच हो भन्ने देखाउँछ । प्रत्येक खण्ड र हाँगाका आ-आफ्नै परम्परा, विधि-विधान, लय र तालसूर छन् । यसलाई विभिन्न चरण भनिन्छ । जस्तै नाचको प्रारम्भमा सरस्वती बन्दना र गुरुबन्दना खण्ड हुन्छ । त्यसपछि क्रमैसँग जन्मखण्ड, शिकारखण्ड, जोगीखण्ड, विवाहखण्ड र विदेश खण्ड आदी हुन् । प्रत्येक खण्डमा मारुनी र पुर्सुङ्गेले गीत र मादलका ताल अनुसार अभिनय गर्दै नाच्छन् । शिकार खण्डको वीच वीचमा जोगी निकाल्ने भाका हुन्छ । यसमा मारुनिहरु भिख मागेको अभिनय गर्छन् ।

### ६.५   आर्शिवाद तथा शुभकामना आदानप्रदान

यस स्याङ्गजा जिल्ला ढापुक गा.वि.स. वडा नं. ९ पखेरेका गुरुङ्ग समुदायले ल्होछार पर्वमा भगवान बुद्धको पूजाआजा सकेपछि सुख, शान्ति दीर्घायुको लागि सबै सदस्यलाई परिवारको जेष्ठ मुलीले पँहेलो टिका तथा खादा स्वरुप दक्षिण दिने गर्दछ । प्राय गरी विदेशमा गएका दाजुभाइ पनि ल्होछार पर्व पारेर आउने गर्दछ । जसले गर्दा सामूहिक रुपमा रमाइलोसँग ल्होछार पर्व मनाउन र आफ्न्तजनबाट आर्शिवाद लिन आफ्न्त साथीसङ्गी एक आपसमा खादा लगाउँदै शुभकामना व्यक्त गर्दछ । विशेष गरी ल्होछार पर्वमा चेलीबेटीहरु कोसेली लिएर आफ्नो मान्यजन आफन्त ठुला बडाको घरमा ढोग भेट गर्न जाने गर्दछन् र ठुलाबडाले आफ्ना चेलीबेटीलाई आर्शिवाद स्वरुप दक्षिणा दिने चलन पनि छ । एक आपसमा मिलेर सामुहिक भोज खाने र मनोरञ्जनका संस्कृति झल्किने नाचगान पनि गर्ने गर्दछ ।

### ६.६ ल्होछार पर्वले गुरुङ्ग समुदायमा विकास भएको सामुहिक भावना

विगतका दिनहरुमा गुरुङ्ग जातिमा ल्होछार पर्व आफ्नै परिवारमा मात्र सिमित रहेर या छुट्टाछुट्टै रुपमा मनाउदै गरेका थिए प्राय गरी पश्चिमी गण्डकी प्रदेशमा तर आज गुरुङ्ग जातिमा ल्होछार पर्व मंगोल जातिको चाड हो । जसले ल्होछार वर्प मनाउने समुदायलाई एकै ठाउँमा ल्याउने काम गरेको छ । त्यसैले आज गुरुङ्गहरु हाँसी खुशी सम्पुर्ण तमु समुदायहरु एकै ठाँउमा भेल भएर ल्होछार मनाउँदै आएको पाइन्छ । परदेश गएका घरका सदस्यहरु पनि ल्होछार पर्वमा फर्कने पनि गर्दछन् । ल्होछारको उपलक्ष्यमा मान्यजन कहाँ चेलीबेटीहरु कोसेली सेल रोटी, रक्सी लिएर आशिष थाप्न जाने तथा सुख शान्ति, दिघार्युको कामना गर्ने चलन छ । यसरी आफ्नै दाजुभाई, कुलकुटुम्बहरु, इष्ट मित्रहरु बिच सामुहिक भेटघाट गर्ने, भोज खाने र खुवाउने चलन छ । यसले समुदायका सदस्यहरुलाई सामाजिकरण गर्ने, ऐक्यबद्ध बनाउने र सहयोग क्षेत्र व्यापक बनाउन मद्धत गर्दछ । यस पर्वमा युवाहरु सामुहिक रुपमा समुहमा काम गर्ने, एक अर्कालाई सहयोग गर्ने र सामुहिक भावनात्मक एकताको संजाल बलियो बनाउने समुहमा जे पाक्छ समानरुपमा बाँडीचुडी खाने परम्परागत मान्यतालाई कायम जीवन्त राख्ने गर्दछ । यस ढापुक गा.वि.स. पखेरेका गुरुङ्ग, समुदायले पनि आफ्नो जातिय धर्म, संस्कृतिको जगेर्ना गर्नका लागि सामुहिक रुपमा एकताबद्ध संगठन भई सामुहिक रुपमा पैसा संकलन गरी गुम्बा जुन तमु बौद्ध समिती खडा गरेका छन् । जहाँ यी गुरुङ्ग जातिहरु पुस १५ मा सामुहिक रुपमा भव्यताको साथ ल्होछार पर्व मनाउँदछन् । यी जातिले दिएको पैसाबाट नै गुम्बाको व्यवस्थापन कार्य संचालन भई राखेको छ । गुम्बामा रहने लामाको व्यवस्था, गुम्बा वरिपरि सरसफाई राख्ने, रेखदेख गर्ने सम्पुर्ण कार्य व्यावस्थापन पदाधिकारीवाट गर्दछन् ।

### ६.७ जातिको पहिचानको लागि ल्होछार पर्वले पुर्‍याएको योगदान

संस्कृति नै जातिको पहिचान र अस्तित्व हो । कुनै पनि राष्ट्रको धर्म, संस्कृति र संस्कारले त्यस देशका नागरिकको परिचय दिन्छ । धर्म, संस्कृति समाजको विश्वास मुल्य, मान्यता र सदभावका आधारहरु हुन् । मौलिक संस्कृति, भेषभुषा र विशिष्ट रुपमा अलगै स्वतन्त्र पहिचान गुरुङ्ग जातिलाई ल्होसार पर्वले दिएको छ । भने अर्कोतिर तिब्बेती सभ्यतासँग पनि नजिक ल्याएको छ । यो मंगोल समुदायको चाड भएकोले ल्होछार मनाउने समुदायहरुको पहिचान गराएको छ । २०६८ सालको जनगणना अनुसार नेपालमा जातियगत १२५ जातजातिय ११७ भाषाभाषी पहिचान गरिएको छ । जसमा गुरुङ्ग जाति २-४ प्रतिशतले पहिचान भएको पाइन्छ । पुर्वका गुरुङ्ग जातिको आफ्नो पहिचान बनाएको भएतापनि पश्चिमका गुरुङ्ग समुदायले आफ्नो पहिचान

खोज अनुसन्धान गर्न थालेको छ । हिन्दु धर्मको बाहुल्यता भएतापनि हाल आएर गुरुङ्ग जातिले बुद्ध धर्म मान्न थालेको छ । गुम्बाको निर्माण गरेका छन् । ल्होछार पर्व मान्न थालेको छ र समाजमा शुभ-अशुभ कर्मकाण्डमा लामा विधिद्धारा नै गरिने चलन चलेको छ । लामा विधिमा 'ल्हो' मिलाउने गरिन्छ । यदि केटाकेटी बीचमा 'ल्हो' नमिल्ने भएको खण्डमा लामाले विहे गर्न दिदैन् । त्यसैले ल्हो परम्परा गुरुङ्ग जातिको सांस्कृतिक परम्पराकै अंगको रुपमा रहेको छ । त्यस्तै गरी गुरुङ्ग जात भित्र पनि ४ जात र १६ जात भनि वर्गिकरण गरिएको पाइन्छ र ४ जातले १६ जातका केटाकेटीसँग विहेवारी गरी सम्बन्ध वर्गिकरण गाँस्न नखोजेको मान्यता पाइन्छ तर हाल आएर ४ देखि १६ भनेको एउटै जात हो र थर मात्र भिन्न भिन्न हुन् र एउटै थरमा नभई भिन्दै थर मिल्नेसँग विहेवारी गर्ने चलन पाइन्छ । त्यसैले ल्होछार पर्वमा यहाँ गुरुङ्ग समुदायहरुले पनि आफ्नो सांस्कृतिक कार्यक्रमहरु हुदाँ आफ्नो परम्परागत जातिय पहिचान झल्काउने भेषभुषा लगाएर गुम्बामा आउँछन् ।

यस्तै गरी स्याङ्गजा जिल्ला ढापुक गा.वि.स. का विभिन्न वडाहरुमा छरिएर रहेको गुरुङ्ग जातिहरु यस पर्वको दिन गुम्बा तमु बौद्ध समितीमा आफ्नो जातिय पोशाक लगाएर भेला हुने, सामूहिक रुपमा भेला भई पुजा आजा गर्ने, लामाद्धारा ग्रह शान्ति गर्ने, एक आपसमा चिनजान गरी शुभकामना आदानप्रदान गर्ने, गर्दछन् । सांस्कृतिक कार्यक्रमहरु राखेका हुन्छन् । जसमाः

- जातिय पोशाक लगाउने
- एक आपसमा चिनजान शुभकामना आदानप्रदान गर्ने
- वकतृत्वकला
- छात्रवृति
- खेलकुद आदि

यी कार्यक्रमहरु मनोरञ्जनका साथ सांस्कृतिक नाचगान गरेर भब्यताको साथ मनाउँछन् । यसरी छरिएर रहेका गुरुङ्ग जातिलाई एकै ठाउमा ल्याउने काम ल्होछार पर्वले गरेको पाइन्छ ।

### ६.८ ल्होछार पर्वले गुरुङ्गको सामाजिक, संस्कृतिक जीवनमा पारेका प्रभावः

गुरुङ्ग समुदाय वा सामुहिक गतिविधिमा आधारित सामाजिक जीवन बिताउन अति रुचाउँछन् । वास्तवमा गुरुङ्गहरु व्यक्ति भन्दा सामुहिक भलो वा हित चाहन्छन् । गुरुङ्ग जाति सानो संख्यामा रहेता पनि आफ्नो अस्तित्व कायम राख्नका लागि संगठित हुने प्रवृति धेरै पाइन्छ । जस्तो उदाहरणको लागि नेपालका पश्चिम पहाडी भेगबाट पोखरा उपत्यकामा बसाई सरेको गुरुङ्गहरुले आफ्नो भेषभुषा अनुसार तमु समाजहरु निर्माण गरेका छन् । यसैगरी काठमाडौ उपत्यकामा पनि गुरुङ्ग समाजहरु निर्माण भएका छन् । रोजगारी

लगायत बसाई सराईका सिलसिलामा विभिन्न देशमा पुगेका गुरुङ्गहरु संगठित भई अमेरिका, हङकङ, जापान, कोरिया, अष्ट्रेलिया, बेलायत, बेल्जियम, अरब र खाडी मुलुकहरुमा भिन्न-भिन्न गुरुङ्ग समाजहरु निर्माण गरेका छन् । यसरी समाजहरु अनेकतामा एकता प्रर्दशन गरेका छन् । गुरुङ्ग भाषा, संस्कृति तथा पहिचानका लागि यी समाजहरुको निर्माण भएका हुन् । यसले गुरुङ्ग जातिले सामुदायिकतामा बढी जोड दिएको प्रमाणित हुन्छ । सन् १९९१ मा नेपालमा आदिवासि जनजाति महासंघको स्थापना भयो र जनजातिले सर्ने तराई, पहाड, हिमाल प्रदेशकाले आ-आफ्नो संघीय प्रदेश माग गर्दै आएको छ । जसको उद्देश्य नै आफ्नो भाषा, संस्कृतिको संरक्षण गरी पहिचान बनाउनु हो । हाल आएर काठमाडौंमा गुरुङ्ग जातिको बाहुल्यता बढ्दै गए तापनि गुरुङ्ग जातिको बढी जनघनत्व पोखरामा नै भएकोले त्यही गुरुङ्गका गतिविधिहरु बढी केन्द्रित भएको पाइन्छ । त्यस्तै गरी पूर्वका तमु बौद्ध समिती पनि २०५३ साल चैत्र २८,२९ र ३० गते "तमु समुदायको प्राज्ञिक आर्थिक तथा सामाजिक सदस्यहरुको पहिचान र समाधानका उपायहरु"विषयक ३ दिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । उक्त गोष्ठीमा बौद्ध अघौ सदन कास्की पोखरा, तमु छोजधीं मा गुरुङ्ग संघ संस्थाको नेतृत्व गर्न र निर्देशन गर्न कार्यदलको गठन गर्न आवश्यक भए अनुसार २०५७ सालमा गठन गरियो । त्यस्तै गरी २०६० मा वुद्धिजिवीहरु पुर्व, पश्चिमका सम्पूर्ण गुरुङ्ग जातिको उपस्थितिमा नै महाधिवेशन सम्पन्न भयो, जसले गर्दा तमुहरुको एकताको ढोका खुलेको छ र ऐतिहासिक एकताको ल्होछार पनि भएको छ ।

यहाँ स्याङ्गजा जिल्लाका गुरुङ्ग समुदायहरु पनि जातिय एकतामा बाँधिएका छन् । यी गुरुङ्ग जातिमा संगठन संस्था तमु बौद्ध समिती को स्थापना गरेको छ, जहाँ आफ्नो भाषा धर्म, संस्कृतिको जगेर्ना गरेको छ र ल्होछार पर्व सामूहिक रुपमा भव्यताको साथ मनाएको छ, यस गुरुङ्ग समाजमा कुनै पनि स-साना कार्यक्रम जस्तै बच्चाको पास्नीमा जादाँ पनि सबै गुरुङ्ग जातिहरुले आफ्नै जातिय पोशाक लगाएर जाने गर्दछन् । साथै यस्तै पनि शुभ वा अशुभ संस्कार गर्नुपर्दा लामाले नै गर्दछ । कुनै पनि सामाजिक, सांस्कृतिक कार्यक्रमहरुमा यी गुरुङ्ग जातिहरु एकताबद्धता पूर्वक सामूहिक रुपमा सहभागिता रहेको पाइन्छ । आफ्नो संस्था खोली जातिय आवाज उठाइ रहेको पनि छ । यसरी जातिय एकताबद्धता पहलले गर्दा नै राज्यबाट ल्होछार राष्ट्र बिदाको रुपमा सार्वजनिक १ दिन बिदा दिइएको छ । ल्होछार पर्वलाई एकताका रुपमा मान्यता दिए कै कारण गुरुङ्ग समाजमा ल्होछार परम्पराले नकारात्मक कार्यको नियन्त्रण तथा सामाजिक एकता कायम गराउन ठुलो भुमिका खेलेको छ । यस दिनमा मानिसहरु आफ्नो जिवनमा देखेका रीस, राग, तनाबलाई हटाई एक आपसमा नयाँ जीवनको शुरुवात गर्दछन् । ल्होछारलाई हर्षोल्लासपुर्वक सम्पन्न गर्न मान्यजन, नातागोता,

कुलकुटुम्ब इष्टमित्र लगायत सबै साथीसंगीहरुलाई भेटघाट गरी खादा सहित शुभकामना आदानप्रदानका साथै आफ्नो गच्छे अनुसार आलोपालो गरी इष्टमित्र कहाँ जाने, चेलीबेटी बोलाउने र खानपान गर्ने यसरी चाडपर्व मनाउँदा आफ्नो मुल्य मान्यता परम्पराको पालना गर्ने वर आर्थिक रुपले बोझ नपर्ने गरी हर्ष बढाइका साथ मनाउने गर्दछन् ।

### ६.९ ल्होसार पर्व र सांस्कृतिक अवस्थाः

एक किसिमले आफ्तहरु भेटघाटको सुन्दर वातावरण अर्कोतिर आफ्नो कला संस्कृतिको पनि जगेर्ना भएको ल्होछार पर्वले आफ्नो छुट्टै पहिचानको लागि पनि ल्होछारको आफ्नै महत्व छ । सांस्कृतिक पक्ष आफ्नो भेषभुषाको माया, आपसी, सदभाव र मित्रताप्रतिको अटुट आस्था एवं जातिय परम्पराको निरन्तर जस्ता कुरामा आधारित रहनु महत्वपुर्ण छ । मातृत्व भावनामा सामूहिक अनि सामाजिक मूल्य र मान्यताको संरक्षण गर्ने अभ्यन्तरको अभिलाषाले गुरुङ्ग (तमु) हरुको ल्होछार विशिष्ट खालको पर्व बनेको छ । सूर्यको दिशा र गतिलाई गणना गरेर जिवन र जगतको अन्तर सम्बन्धमा प्रकृति र मानिस बीचको एकतालाई संस्कार बनाउनु नै समुदायको विशेष मान्यता रहेको देखियो ।

गुरुङ्ग जातिले सबैजना एकै स्थानहरुमा मिलेर स्योकै .(वनभोजं) खाने र लामागुरुबाट ग्रह दशा, शान्ती गरी आर्शिवाद थाप्ने चलन छ । आउँदो वर्षभरि सुखशान्ति होस् अशुभ नहोस् भनी लामाबाट आर्शिवाद लिन्छन् ।

बदलिदो परिस्थिति र बलियो आर्थिक गतिबिधिका कारण, विशुद्ध सांस्कृतिक सामाजिक पर्वको रुपमा मनाउँदै आएको ल्होछार पर्वलाई नयाँ रुप दिन लागिएको पनि छ । गुरुङ्ग समुदायको मुख्य थलो सांस्कृतिक पर्यटनको प्रवर्द्धनका लागि ल्होछारलाई मौकाको रुपमा उपयोग गर्ने भएको छ । जसले पर्यटन गाउँको रुपमा चिनी सकेका सिरुवारी, घलेगाउँ, धान्द्रुकलाई स्वदेशी वा विदेशी पर्यटकको माझमा चिनाउने प्रयत्न भइरहेको छ । साथै ल्होछारलाई आर्थिक गतिविधिसँग समायोजन गर्न पर्यटन प्रवर्द्धनको माध्यमको रुपमा उपयोग गर्ने निती लिएको भए पनि त्यसको मौलिकता र सांस्कृतिक पक्षलाई जोगाई राख्न गुरुङ्ग समुदाय लागि परिरहेको पाइन्छ ।

ल्होछार सोनाम, तोला र ग्याल्बो जे भएता पनि वर्ग "ल्हो" भने एउटै हुन्छ र बौद्ध धर्म अनुसार नै ल्होछार मनाउँदछौ । गुरुङ्ग जातिले भने तोला ल्होछार पुस १५ मनाउँदै आएको छ ।

# अध्याय सात

## ७. सारांश, निस्कर्ष

### ७.१ सारांश

आ-आफ्ना सामाजिक संगठन मार्फत सांस्कृतिक पुर्नउत्थानमा लागेका आदिवासी जनजातिहरुमा यस्तो हुन स्वाभाविक पनि छ । स्याङ्गजा जिल्लाको ढापुक गा.वि.स. वडा नं. ९ पखेरेमा बसोबास गर्ने गुरुङ्ग जातिले मनाउने ल्होछार पर्वले गुरुङ्ग समुदायको जातिय पहिचान, सांस्कृतिक संरक्षण जगेर्ना गर्ने उपलब्धी शोध पत्रको उद्देश्य रहेको छ । यी उद्देश्यहरु पूरा गर्नको सिमीत स्रोत साधन र समयलाई मध्यनजर राख्दै यस ढापुक गा.वि.स.मा बसोबास गर्ने समग्र १०० गुरुङ्ग घरधुरीहरु मध्ये गोलाप्रथा अनुसार छनौट गरी ५० जना उत्तरदाताहरु जसमा गुरुङ्ग बुढापाखा, लामा, धर्म गुरु, जानिफकार व्यक्तिहरुसँग अन्तरवार्ता छलफल र अवलोकन गरी प्राथमिक र द्धितीय दुवै स्रोत प्रयोग गरेर आवश्यक तथ्य तथ्यांकहरु संकलन गरिएको छ ।

यस अध्ययन क्षेत्रमा रहेका गुरुङ्ग जातिहरुमा ल्होछार पर्वले गुरुङ्ग समुदायमा आफ्नो पहिचान र जातिय एकता निर्माण सम्बन्धी पुन जागरण भएको छ ।

यस दिनमा समाजमा सबै नाता कुलकुटुम्ब, इष्टमित्र भेला भई एक आपसमा आत्मियता राखेको पाइन्छ । समाजलाई आपसमा एकिकृत गर्न, गति दिन, संस्कृति, चाडपर्वको महत्व छ । गुरुङ्ग समाजको विभिन्न संस्कृतिको विभिन्न गतिशिल पक्षलाई अगाल्दै समाजको आवश्यकताहरु परिपुर्ति गर्न अगाडी बढ्नु आजको आवश्यकता हुनुका साथै अपरिहार्य भएको छ ।

(मुसा, गाई, बाघ, बिरालो, गरुड, सर्प, घोडा, भेडा,बाँदर, चरा, कुकुर, मृग) यसरी १२ वटा जनावरहरुको वर्षे पिच्छे गणना गर्दै जाँदा १२ वर्ष पछि पुन त्यही वर्ष दोहरिन्छ र एक चक्र पुरा हुन्छ । ल्हो गणना कै आधारमा आफ्नो उमेर पत्ता लगाउने, जन्म, विवाह, शुभसाइत, ग्रहदशा हेर्ने चलन गुरुङ्ग जातिमा अधावधि रहेको पाइन्छ । यो पर्व यस क्षेत्रका गुरुङ्ग जातिले पुस शुक्ल प्रतिपदाका दिनमा भब्यताको. साथ सम्पुर्ण जातिहरु आफ्नो पहिचान दिने पोशाकमा सजिएर गुम्बामा पुजा आजा गरि मनोरञ्चनका रुपमा सांस्कृतिक कार्यक्रम गरेर मनाउँदछन् ।

यस अध्ययन क्षेत्रमा भब्यताको साथ मनाएको पाइयो किन की विभिन्न किसिमले छरिएर रहेका यी गुरुङ्ग जातिलाई एकै ठाउँ भेला गराई भोज खाने, लामा गुरुबाट ग्रहदशा फाल्ने, आफन्तजन वा एक आपसमा चिनजान गरी शुभकामना आदान प्रदान गर्ने जसले गर्दा सामुहिक रुपमा समुदायमा आत्मिय भावना प्रकट गर्न सकिने र आफ्नो जातिय एकताको संगठन गरी एक हुन सकियोस भन्ने हेतुले यी गुरुङ्ग जातिले गुम्बामा

नै ल्होछार पर्व मनाउन बच्चा देखि लिएर बुढापाखा सबैजना गुरुङ्ग पोशाक मा फलफुल र पूजाको समान लिएर गुम्बामा आउँदछन् । ल्होछार कसै-कसैले २, ३ दिन सम्म पनि आफन्तजनलाई घरमा बोलाउने र जाने गरी मनाउँदछन् । ल्होछार पर्व आउनु अगावै देखि घर, आगन सरसफाई गर्ने, गुम्बामा जाने सरसफाई गर्ने, गुम्बामा लामा गुरुले वेद पढ्ने कार्य गर्दछ, लुड्दरमा मन्त्र छाप्ने आदि गर्दछ र पुस १५ भन्दा अगाडी नै १३,१४ गते तिर प्रत्येक घरमा नयाँ लुड्दर फेर्ने चलन छ । जसले अगामी आउने दिनहरुमा सुख शान्तिमय छायोस् भन्ने जन विश्वास रहेको छ । पुस १५ शुक्ल प्रतिपदाको दिनमा घरको मुली नुवाइधुवाइ गरिसकेपछि भगवान् वुद्धको मूर्ति या फोटोको अगाडी ७ वटा बोटुकामा चोखो पानी, त्यस बोटुकोमा टोटलाको फूल राखिन्छ । फलफुल, धुप बत्ती गरेर पुजाआजा गर्दछन् र गुम्बामा जान्छन् र त्यहाँ भगवान बुद्धको पुजा बत्ती बाली ढोग गरेर आफन्त बीचमा शुभकामना आदानप्रदान गर्ने, ग्रहशान्ती गर्ने, प्रसादको रुपमा सेलरोटी, खिर, फलफुल, मिठाई आदि अन्य परिकारहरु खाने र लामा गुरुबाट वाङ (अभिशेक) थाप्ने कार्यक्रम गरेर यो चाड समापन गरिन्छ । यसरी ल्होछार पर्वले गुरुङ्ग समाजमा एक आपसमा आत्मीयता राख्न र सांस्कृतिक परम्परा अनुसार राख्न ठुलो भुमिका खेल्दछ ।

यसरी यस पर्वले यस ढापुक गा.वि.स.मा बस्ने गुरुङ्ग समुदायमा बस्ने समुदायको पहिचान र सामाजिक सम्बन्ध विकास गरेको पाइन्छ । जसले गर्दा समाजमा एकताको भावना विकास भई गुम्बा निर्माण गरेको सांस्कृतिक परम्परा संरक्षणको जगेर्ना भएको पाइन्छ । साथै छरिएर रहेका गुरुङ्ग जाति एउटै थलो जहाँ तमू बौद्ध समिती (गुम्बा) मा यस दिनमा परिवारका सबै सदस्यहरु आउने गर्दछन् र आफ्न्तजन, इष्टमित्र, साथीभाइसँग शुभकामनाा आदानप्रदान गर्ने, सुख दुःख बाड्ने सांस्कृतिक कार्यक्रम गर्ने, साथै यस गुम्बामा दर्शन गर्न आउने भक्तजनहरुलाई पनि प्रसाद वितरण गर्ने भोज खुवाउने गर्नुका साथै यस पर्वले जातिय पहिचान र एकता कायम गर्न र सामाजिक सद्भावना गर्न महत्वपुर्ण भुमिका खेलेको पाइन्छ । वास्तवमा गुरुङ्ग समुदायको पहिचान बचाउनका निम्ति यस ल्होछार पर्वले महत्वपूर्ण भुमिका खेलेको पाइन्छ । सामूहिक रुपमा एकै थलोमा भोज खानाले पनि एक- आपसमा जातिय एकता समझदारिमा कायम भएको कुरालाई प्रष्टाउन सकिन्छ । साथै सांस्कृतिक कार्यक्रम गर्दा यहाँका मानिसहरु बच्चा देखि लिएर बुढापाखा समेत सहभागी हुने गर्दछ । जसले गर्दा सामुहिक भावना आउनुले समाज अझ कसिलो भएको छ । समाजमा जातिय एकताको ढोका खुलेको छ ।

यसैगरी यस पर्वले गर्दा यी गुरुङ्ग समुदाय पहिचान भएको छ । त्यसैले यस चाडले सामाजिक सद्भाव तथा एकता कायम राखेको पाइन्छ र समाजमा मानिसहरुलाई आफ्नो जातिय भाषा,संस्कृतिको महत्वको पनि महशुस गराएको छ ।

**७.२. निष्कर्ष**

यो सिद्धान्त संरचनात्मक प्रकार्यात्मक सिद्धान्तबाट निर्देशित भएको छ । समाजमा संरचनात्मक प्रकार्यवादले सामाजिक, सांस्कृतिक सैद्धान्तिक दृष्टिकोणबाट कुनै पनि समाजको सामाजिक, सांस्कृतिक एउटा सम्पुर्ण सामाजिक एकाईहरुको अन्तरसम्बन्ध बाट नै सामाजिक,संरचना भएको हुन्छ । यसै सैद्धान्तिक दृष्टिकोणलाई आधार मान्दै स्याङ्गजा जिल्लाको ढापुक गा.वि.स. पखेरेका गुरुङ्ग समुदायको सामाजिक पर्व ल्होछारको सामाजिक, सांस्कृतिक, धार्मिक पक्षहरुसँगको सम्बन्धलाई केलाउने प्रयास गरिएको छ ।

ल्होछार पर्वमा गुरुङ्गका सम्पुर्ण सदस्यहरु एकआपसमा संगठित भई एकै ठाउँमा आएर मनाउने गर्दछन् । त्यस समयमा विदेश गएका घरका सदस्यहरु पनि आउने गर्दछन् । सबै जनाले आफ्नो रिस राग बिर्सेर ल्होछार पर्व दुई तिन दिनसम्म धुमधामले मनाउछन् । सामुहिकरुपमा एकिकृत भएर संघ संस्थामा काम गर्ने गर्दछन् । जुन कुराहरु Brown, Malinowaskif Rk Morton भनाइसँग मेल खान जान्छन् ।

गुरुङ्ग जातिमा ल्होछार भन्ने बित्तिकै नयाँ वर्ष भन्ने बुझिन्छ । जसमा आफ्नै प्रकारको पहिचान, सामाजिक, मुल्य मान्यताका आधारबाट समाज वा सामाजिक ईकाईलाई बुझ्ने र व्याख्या गरिने गरिन्छ ।

ल्होछार पर्वको दिनमा गुरुङ्ग जातिले आफ्नो जातिय पोशाक लगाउने भगवान् बुद्धको आरधना गर्ने, आफ्ना मान्यजन कहाँ आशिष थाप्न जाने तथा सुख समृद्धि र दिर्घायुको कामना गर्ने चलन छ । साथै आफ्ना दाजुभाइ, इष्टमित्र र कुलकुटुम्बहरुका बिच पालैपालो भोज खाने र खुवाउने चलन छ । यस दिन विशेष गरि गुरुङ्ग समुदायका सदस्यहरु बौद्ध गुम्बामा सामूहिक रुपमा भेला हुने र एक आपसमा शुभकामना आदान प्रदान गर्ने गर्दछ । जसले समुदायका सदस्यहरुलाई सामाजिकरण गर्ने, ऐक्यवद्ध बनाउने र सहयोग क्षेत्र व्यापक बनाउन पद्धत गर्दछ । सांस्कृतिक तथा सामुहिक कार्यक्रमबाट संकलन भएका रकमबाट वौद्ध गुम्बामा खर्च गरिने, जातिय एकतावद्ध संघ, संगठन खडा गरिने गर्दछ । ल्होछार पर्व नै सांस्कृतिक चाड भएकोले यसले गुरुङ्गको पहिचान गराएको छ । र यसले गुरुङ्ग समुदायमा सामाजिकीकरण र एकतावद्ध गर्न ठुलो मद्दत पुगेको छ ।

नयाँ वर्ष ल्होछार जसरी नेपाल संम्बत् भिन्तुना, भारतिय विकम संम्बत्, पश्चिमी इस्वी संम्वत्ले प्रत्येक नयाँ वर्ष जन्माउँछ । त्यसरी नै ज्योतिष शास्त्र अनुरुप प्रत्येक वर्षको १२ महिनाको अन्तिम तिथि

चन्द्रमास अनुसार पौष कृष्ण शुक्ल प्रतिपदाको दिन यो नयाँ वर्षको पहिलो महिना आरम्भ हुन र यसैलाई हामीले ल्होछार मान्नुपर्दछ जुन पर्वलाई यस गुरुङ्ग समुदायका सदस्यहरुले तमु बौद्ध समिती (गुम्बा) मा सामुहिक भेला भई भव्यताको साथ मनाउँछन् भने कसै-कसैले दुई तीन दिन सम्म आफन्तजन कहाँ जाने भोज खाने गरि मनाउँछन् ।

यसरी यो पर्वमा समुदायका मानिसहरु सामुहिक रुपमा जम्मा हुने गर्दछन् । एक आपसमा शुभकामना प्रदान गर्ने भोज खाने गर्दछन् । जसले गर्दा धार्मिक प्रकार्य र संस्कारगत प्रकार्य भएको पाइन्छ । सामाजिक साथै जातिय एकता भई गुरुङ्ग समाज बलियो रुपले 'तमु बौद्ध गुम्बा समिति' संरचित बन्न पुगेको देखिन्छ । जसले सामुहिक रुपमा भेला भएका आफन्त, इष्टमित्रहरु बिचमा आपसी सद्भाव समन्वय कायम हुन्छ । यी समुदायका सदस्यहरुले सामुहिक गाँउ, टोल र समुहलाई सुखशान्तिको लागि प्रकृति पुजा, देवी देवताको पुजा पनि गर्दछन् । सामान्यरुपमा देखा परेका द्वन्द्व, रीस, राग हराउँदछन् र विसिन्छन् र एकले अर्कोलाई आदर गर्ने सामुहिक कार्य गरिने भएकोले जातिय संगठन भएकोले सामाजिक एकता कायम भएको पाइयो ।

गुरुङ्ग, तामाङ्ग, थकाली, शेर्पा आदी मंगोल जनजातिको परम्परागत चाडपर्वहरु मध्ये ल्होछार (नयाँ वर्ष) एउटा प्रमुख पर्व हो । नेपालमा बसोबास गर्ने बौद्ध धर्मावलम्बी आदीवासी जनजातिहरुको साझा चाड हुदाँहुदै पनि मान्ने दिन र तरिकामा भिन्नता पाइन्छ, वास्तवमा नै ल्होछार पर्व एक गुरुङ्ग जातिको पहिचान देखाउने एक सामाजिक संस्कार हो ।

## अनुसुची २

ढापुक गा.वि.स. भित्रका गुरुङ्ग समुदायका गुरुङ्ग समुदायका गुरुङ्गहरुले घरमुलीको नामावली यस प्रकार रहेको छ ।

- हर्ष बहादुर तमु
- टेक बहादुर तमु
- दल बहादुर तमु
- भद्र बहादुर घले
- मनकुमारी तमु
- लाल बहादुर घले
- प्रेम बहादुर तमु
- कृर्ष बहादुर तमु
- नरेश तमु
- डिक बहादुर तमु
- मोहन तमु
- खड्क बहादुर घले
- मोली बहादुर तमु
- श्रीमती धन कुमारी तमु
- श्रमिती मन कुमारी तमु
- तार बहादुर तमु
- हरी बहादुर तमु
- भान भक्त तमु
- जित बहादु तमु
- हर्क राज तमु
- नेत्र बहादु तमु
- भद्र मान तमु
- चन्द्र बहादुर तमु
- लक्ष्मी तमु
- पवित्रा तमु
- रनमाया तमु
- पदम बहादु तमु
- डम्बर तमु
- मिलन तमु
- भक्त तमु

- नरेन्द्र तमु
- गणेश तमु
- राम बहादुर तमु
- छत्र बहादुर तमु
- दान बहादुर तमु
- देश बहादुर तमु
- सुर्यमान तमु
- अमर तमु
- दुगाए तमु
- श्रीमती देवकी तमु
- तिर्थ मान तमु
- जीत बहादुर तमु
- श्रीमती तारा तमु
- श्रीमती कुसुम तमु
- श्रीमती डिल्ली मायाँ तमु
- देवरान तमु
- नारायण तमु
- देव बहादुर तमु
- सोम बहादुर तमु
- मोहन तमु

## अनुसुची १

बुढापाका, लामा तथा जानिफ्कार व्यक्तिहरु सँग अन्तवार्ताको लागि चेकलिष्ट

१ गुरुङ्ग समुदाय (बौद्ध गुम्बा तमु सेवा समिती) को सतिव

२ पुरोहित काम गर्ने लामा गुरु

३ ल्होछार पर्व मान्ने गुरुङ्ग समुदायका व्यक्तिहरु

सचिव

- ल्होछार पर्व कति दिनसम्म मनाइन्छ ?
- यसको तयारी कसरी गरिन्छ ?
- आफ्न्त र नाताहरु बिच कस्तो सम्बन्ध छ ?
- आफ्नो जातिय पहिचान गर्नको लागि कस्तो पोशाक लगाइन्छ ?
- गुरुङ्ग समुदायमा कस्तो किसिमको जातिय एकता निमार्ण हुदै गएको छ ?
- समुदायमा कस्तो किसिमको सम्बन्ध स्थापना गरेको छ ?

लामा गुरुहरु

- यस पर्वका दिन गुम्बामा के-के गरिन्छ ?
- ल्होछार पर्वको दिनमा तपाईहरुले गर्नुपर्ने काम, कर्तव्य के-के हुन् ?
- यस पर्वको दिनमा सम्पूर्ण गुरुङ्ग जातिहरु आउने गर्दछन् कि गर्दैनन् ?
- गुम्बाको संरक्षण र सरसफाई कसले गर्दछ ?
- गुम्बामा ल्होछार पर्वमा मात्र मानिसहरु आउँछन् कि अन्य पवृमा पनि ?
- समुदायका मानिसहरुले तपाईलाई कतिको सहयोग गर्दछन् की गर्दैनन् ?
- गुम्बामा कति जना समुदायका मानिसहरु आजीवन सदस्य बनेका छन् ?
- गुम्बामा कति जनाले आफ्नो मौलिक भाषा सिक्दैछन् ?
- गुरुङ्ग जातिको मुख्य धर्म के हो ?

३.ल्होछार पर्व मान्ने व्यक्तिहरु

- तपाईहरुलाई ल्होछार पर्वको बारेमा के थाहा छ ?
- यो पर्व मनाउनमा कस्ता कारणहरु छन् ?
- यो पर्व कतिदिन सम्म मनाइन्छ ?
- यो पर्व आफ्न्त-इष्टमित्रहरुमा के फाइदा भएको छ ?
- ल्होछार मान्नका कारणहरु के-के हुन् ?

- समुदाय बाट नै गुम्बा तमु सेवा समिती निर्माण भएको हो की अन्य ?
- तपाईहरु अन्य कुन-कुन देवीदेवता मान्नु हुन्छ ?
- ल्होछार पर्वको संरक्षण कसरी गर्न सकिन्छ ?
- गुरुङ्ग समुदायमा जातिय एकता भएको छ कि छैन ?
- गुम्बा सामुहिक भेला भई कस्ता किसिमका कार्यक्रमहरु गर्ने गर्दछन् ?
- विदेश गएका आफ्न्तजनहरु ल्होछार पर्व मान्दा घरमा आउँछन् कि आउँदैन ?
- तपाईहरु ल्होछार पर्वमा मात्र आफ्नो  जातिय पोशाक लगाउनु हुन्छ कि अन्यमा पनि ?
- तपाईहरु किन आफ्नो  जातिय भाषा बोल्नु हुन्न ?
- तपाईहरुमा किन आफ्नो  सांस्कृतिक परम्पराहरु लोपहुन खोजिरहेको छ ?
- वास्तविक गुरुङ्ग जातिको बसोबास थलो कहाँ हो ?

## सन्दर्भ सूची


आदीवासी जनजाति (२०६७), मंसिर, आदीवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, काठमाण्डौं ।

ऐतिहासिक प्रथम तमू महिला एकता राष्ट्रिय महाधिवेशन (२०६७), गुरुङ्ग महिला राष्ट्रिय परिषद, काठमाण्डौं ।

गुरुङ्ग, अधिवक्ता भविश्वर (२०६०) ऐतिहासिक एकताको रुपमा तमू ल्होछार, काठमाण्डौं ।

गुरुङ्ग, जगमान(२०४६), नोपलको एकीकरणमा गुरुङ्ग जातिको भूमिका, पोखरा ।

गुरुङ्ग डा. जगमान (२०६७), तमूवानको ऐतिहासिक बृतान्त, काठमाण्डौं ।

गुरुङ्ग, धनबहादुर (२०४६), हामी र हाम्रो भाषा, पोखरा ।

गुरुङ्ग, वालकुमार (२०६८), तमू संस्कृति र इतिहास, काठमाण्डौं ।

गुरुङ्ग, राजकुमार (२०६६), घाँटु नाच, काठमाण्डौं ।

गुरुङ्ग, रामबहादुर (२०६२), गुरुङ्ग जातिको साँस्कृतिक परम्पराहरु, लमजुङ्ग ।

गुरुङ्ग, लालबहादुर (२०५७), रुम्जाटारको गुरुङ्ग संस्कृति एक झलकःकाठमाण्डौं ।

गुरुङ्ग, शेरबहादुर (२०६५), गुरुङ्ग कल्याण संघको भावी कार्यक्रम, काठमाण्डौं ।

गुरुङ्ग, हर्क (२०३८), गुरुङ्ग जातिको बारे तमू वर्ष १, अङ्क १ ।

गुरुङ्ग, होमा (२०६७), उत्पत्ति र धर्म सँस्कृति रत्न पूस्तक भण्डार , काठमाण्डौं ।

घोताने, सी.बी.(२०५०), हामी र हाम्रो इतिहास, तमू वर्ष १ अंक १ ।

तमू, आश बहादुर (२०६३), गुरुङ्ग भाषाको व्याकरण रचना तथा भाषा विज्ञान, लमजुङ्ग ।

तमू, डिल्लीजङ्ग (२०५६), तमू जातिको लुकेको इतिहास, काठमाण्डौं ।

तमू, डिल्लीजंग (२०५४), गुरुङ्ग जातिको परिचय, काठमाण्डौं ।

तमू, तेज बहादुर (२०५७), तमू जातिको धर्म संस्कृति एक चर्चा स्मारिका, पोखरा ।

तमू, नेत्र तमू ल्होछार (२०५५), काठमाण्डौं ।

तमू, नेत्र (२०५५), ल्होसार एक चिनारी कामाण्डौं ।

तमू, भोवर, नेपालमा गुरुङ्ग जाति, पोखरा ।

तमू संसार (२०५९), अंक ४, लोक बहादुर गुरुङ्गपोखरा ।

तमू सुँ ताँ, (ल्होछार विशेषाङ्ग) (२०६१), तमू छोज धी केन्द्रिय समिति, काठमाण्डौं ।

तामाङ्ग अजितमान, ल्होछारको इतिहास, काठमाण्डौं ।

तामाङ्ग परशुराम (२०५४), तामाङ्ग जाति र ल्होछार परम्परा काठमाण्डौं : नेपल, तामाङ्ग घेदुङ केन्द्रिय सचिवालय ।

तामाङ्ग, बलप्रताव (२०६२), तामाङ्ग साँस्कृतिका विविध पक्ष  मंसिर तामाङ्ग भाषा तथा साहित्य परिषद काठमाण्डौं ।

तामाङ्ग, रुद्रसिंह (२०६०), तामाङ्ग संस्कार र सँस्कृति, आदीवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, काठमाण्डौं ।

बल दोर्जेफुवा, (२०५५), ल्हो खाम जानकारी, श्री. आई. बी. योङजन पार्क लाशन खसाङ्ग ।

मोक्तान, कमल (२०५४), ल्होछार एक परिचय, फाल्गुन, फेनदे दाँचाङ, बालाजु ।

लामा, टिग्याल (२०५७), छट, गुम्बा व्यवस्था तथा विकास समितिको स्मारिका ।

विष्ट, डोर बहादुर (२०३२), सबे जातको फुलबारी, साझाप्रकाशन ।